वर्ष २ अंक २

कुमुदिनी परिवार

(कुमुदिनी होम्सका भूतपूर्व छात्रहरूको वार्षिक पत्रिका)

प्रधान सम्पादक :

श्री नरबहादुर दाहाल

सम्पादक मण्डली :

श्री बालकृष्ण पराजुली

श्री कृष्णबहादुर प्रधान

१९६२

संझनाको कोसेली

कुमुदिनी परिवारको दोस्रो अङ्क प्रकाशित भइरहेको छ भन्ने कुरा सुन्दा खुसी लाग्यो। विद्यालयको उत्सव २४ मईका दिनको स्तम्भ स्वरूप भूतपूर्व छात्रहरूको यो प्रयास दिगो रही परिवारमा मूल घरको सन्देश बराबर फैलाइ रहला भन्ने आशा गर्छु।

सालै पिच्छे आफ्ना छात्रहरू चारैतिर फैलँदैछन् र उनीहरूको कार्यक्रमले पनि अब ठोस रूप लिनु पर्ने छ। एक दुइ जना साथीहरूको भरमा परी अरू निष्क्रय बसे कार्यक्रम-मा कठिनाइ आइलाग्छन्। यो कुरालाई याद राखी परिवारका सदस्यहरू सबै जना सक्रिय भई उठे धेरै रचनात्मक काम हुन सक्छन्। सक्रिय सहयोग दुइ प्रकारले दिन सकिन्छ—

(१) शारीरिक प्रयास—पत्रिका प्रकाशनमा, लेख लेखनमा, सदस्य भर्ना गर्न, परि[illegible] आपिसी काम सम्हाल्न, विद्यालयको उत्सवमा चाँजो मिलाउन चारै तिर छरिएर [illegible] परिवारसंग नाता कायम राख्नमा शारीरिक प्रयास चाहिन्छ (२) आर्थिक प्रय[illegible] कमाइ गरी जीवन यापन गर्न थालेका, अरू जिम्मावारीले शारीरिक सहयोग [illegible] सकनेको आर्थिक सहयोग हुन पर्छ। पत्रिका कागजादि प्रकाशनमा आर्थिक मह[illegible] त्यो बाहेक परिवारको राम्रो कोष भए आर्थिक शंकटले फटफटाइ रहेका, शंक[illegible] दुःखी छात्रहरूलाई प्रत्येक वर्ष १/२ छात्रवृत्ति दिने प्रयास भए वर्त्त[illegible] भूतपूर्व छात्रको दाज्यू भाइको नाता सुदृढ़ हुन्छ। चाँडै तैयार भइरहेको [illegible] अजायब घरमा भूतपूर्व छात्रहरूको ठूलो देन हुन सकछ। परिवारले अब [illegible] नजर राख्ला भन्ने आशा गर्छु।

अन्त्यमा, परिवारको माध्यमबाट आफ्ना भूतपूर्व छात्रहरू जहाँ भए [illegible] तर्फबाट प्यारो संझना पठाउन चाहन्छु।

टीक[illegible]
अ[illegible]
कुमुदि[illegible]

प्रधान [illegible]
कुमुदिनी [illegible]
कालिम[illegible]

विषय-सूची

विषय		लेखक	पृष्ठ
चरित्रं हि बलम्	...	श्री भवन प्रसाद गुरुङ (निबन्ध) — ३	१
स्मृतिपटमा ...	...	श्री नरबहादुर छेत्री (कविता) — ८	२
सपनामा देवकोटा	...	श्री हेम हुमेगाई (कथा) ... १६	२
विदाइ-क्षण ...	...	श्री मदनकुमार छेत्री (कविता) ✓	३
अविवेकी विवेक ...	...	'श्री मोतीबीर राई (निबन्ध) ✓	५
दोषी को ? ...	...	श्री टहलदास अधिकारी (कविता) ✓	६
कठपुतली कठपुतली	...	'कृष्ण' ... (आत्म-कथा) ✓	८
ा मेरो व्यथा मेरो	...	श्री राम राई ... (कविता) ✓	१०
या आँसुया	...	श्री हर्क परियार (कथा) ... ✓	११
लाग्छ जस्तो लाग्छ	...	श्री जे० एन० शर्मा (निबन्ध) ✓	१२
सो ...	...	श्री तिलक थापा (कविता) ✓	१४
चिट्ठी ...	...	श्री खिड्प बमजन (समालोचना) — १	१६
मन्ने 'रजनी'-सँग	...	श्री तारा गिरी (कविता) ✓	१७
पथमा ...	...	श्री नरबहादुर दाहाल (कथा) ✓	१९
निम्ति अ ...	...	श्री डम्बर भट्टराई (कविता) ✓	२०
जातिले ास ...	...	श्री जयवर्द्धन धमाला (कथा) ✓	२१
नै चरित्रा समस्याहरू	...	सम्पादकलाई पत्र —	२२
चरि बढ़िरहेछ	...	परिवारका सदस्यहरूको गतिविधि	२६
या ईश्वरको तीन दिन	...	श्री लक्ष्मी प्रसाद शर्मा (कथा) ✓	३१
भयका शासको रिपोर्ट	...	... स्कूल दिवसको प्रतिवेदन	
पनि सामर्थ्यका गीत	...	'म' ... कविता ✓	३६
ना गरियो ?	...	श्री बालकृष्ण पराजुली प्राचीन कथा ✓	३७
चर् भन्नु पर्ने	...	... प्र. कोषाध्यक्षको अपील	३८
हुन्छ भहित्यका अमर-बिभूतिहरू	...	संक्षिप्त जीवनी — १	३९
चरित्र सी० वार्षिक क्याम्प १९६१ मा केही अनुभव		श्री बालकृष्ण पराजुली NCC Camp report	
नै य ...	...	...	४०
स		... सम्पादकीय	४३
		रचना र सहयोगको अपील	

कुमुदिनी परिवारका १९६१-१९६२ का पदाधिकारीहरू

सभापति :

श्री टीकाराम शर्मा, बी० ए०, बी० टी०,
प्रधान अध्यापक, कुमुदिनी होम्स

उप-सभापति :

श्री महानन्द पौडयाल

मूल-मंत्री :

श्री नरबहादुर [illegible]

सह-मंत्रीहरू :

श्री भानुभक्त प्रधान र श्री कृष्णबहादुर प्रधान

मूल-कोषाध्यक्ष :

श्री भुवनसिंग थापा

सह-[illegible]

श्री बालकृ[illegible]

मोतीलाल राई
वृत्ति दर्जे कक्षा
सरकारी-कन्वेन्ट,
दार्जीलिङ,
दिनाङ्क: २५ श्रे १९६२.

कुमुदिनी परिवार

कालिम्पोंग

१९६२

चरित्रं हि बलम्

—श्री भवन प्रसाद गुरुंग
सन्त जोसेफ कालेज,
दार्जीलिङ ।

मानव सभ्यताको दीपक नै हो चरित्रबल । यसले हामीलाई अन्धकारबाट उज्यालो पथमा पुर्‍याउँछ । साधारणतः यसको अर्को नाउँ हो सदाचार । चरित्रको उत्थानको निम्ति आत्मनिरिक्षणको वृत्ति हुनु पनि आवश्यक छ । आत्मनिरिक्षणद्वारानै मानिस जातिले आन्तरिक दुर्बलताको अनुभव गर्न सक्छ । यसो भनुं—आत्मशोध र आत्मशुद्धि नै चरित्र-निर्माणको साधन हो ।

चरित्रका निम्ति निर्भय हुनु नै प्रथम खुड्किलो हो । जहाँ भय छ त्यहाँ आत्मा या ईश्वरको अस्तित्वसँग साक्षात्कार हुँदैन । असत्य, अविश्वास, कायरता इत्यादि दुर्गुणहरू भयका शाखाहरू हुन् । जहाँ भय छ, मानव-आत्माको दिव्य सन्देश सुनाउन कति पनि सामर्थ हुन सक्तैन । अनि आदर्शका निम्ति दृढ़ताको भाव उत्पन्न हुनु पनि गाहारो पर्छ ।

चरित्रवान व्यक्तिले आत्मालाई धोखा दिंदैनन् । आफू प्रति पूर्णतः सत्य इमान्दार हुन्छ भने अरू प्रति पनि साँचो सेवक हुन्छ । अन्तःसत्व, अन्तःसौख्यको सम्बन्ध चरित्रबलसँग रहन्छ तर परिमाणसँग होइन ।

यसकारण हामी प्रत्येकले यो दृढ़ संकल्प लिनुपर्छ कि—"म चरित्रको पथमा हिंड्दै नै जानेछु र शक्ति प्राप्त गर्नेछु । त्यो शक्ति जसबाट मानव कल्याणका निम्ति दिव्य-सन्देश दिइ रहन सकोस् ।"

●

स्मृतिपटमा

—श्री नरबहादुर छेत्री
सन्त जोसेफ कालेज
दार्जीलिङ ।

ती बितेका विगत घटना
स्मृतिपटमा आइरहेछ,
आज कसैले कर्णकुहरमा
विगत गीत गाइरहेछ ।

शैशवकालका ती बालक्रीड़ा
औ, चञ्चल त्यो स्वभाव,
शान्ति-सुधामय जीवन मिठो
आज अघाड़ि आइरहेछ ।

दुःख त्यहाँ रत्ती थिएन
संसार सारा स्वर्ग थियो,
सरसर आज ती सब् मेरा
स्मृतिपटमा छाइरहेछ ।

च्यान्टी, भ्यान्टी, ध्वाँसे, काले
ती सब मेरा बाल सखा,
रूँदै रूवाँउदै खेल खेलेको
स्मृतिपटमा आइरहेछ ।

अवस्था त्यो छैन आज छ
जीवन केवल एक नीरस,
आज त्यसैले स्मृतिपटमा
ती सब पलपल छाइरहेछ ।

आइरहेछ मानसपटमा,
गाइरहेछ कर्णकुहरमा,
छाइरहेछ शान्ति मनमा
सानो एक विगत घटना
स्मृतिपटमा आइरहेछ ॥

सपनामा देवकोटा

—श्री हेम हुमेगाईं
हुबली इन्जिनियरीङ कालेज
मैसूर स्टेट ।

स्वर्गीय लक्ष्मी प्रसाद देवकोटा

महाकवि देवकोटाज्यूको गुण गाउने आजकल को न होला ? उम्केको माछो ठूलो भएको ता अवश्यै होइन होला ! स्वदेशी नेपाली बाहेक संसारका कुना काप्चाका नेपाली तथा बम्बईदेखि उँधो लागेका गोर्खाली-हरू सबै उहाँलाई सम्झन्छन् । यति मात्र होइन, "मैले तिमीलाई आउँदै गरेको हेरें" भन्नेहरू पनि 'देवकोटाको संझना' कोर्दै छन् । सबैले साँचो हृदयको सत्य वचन प्रकाश गरेका हुन् भने ता औधि असल हो तर शीर्षक न पाएर कवि तथा लेखक हुन नपाएकालाई मौका दिइएको मात्र हो भने ता देवकोटा स्वर्गमा रूँदैछन् । यस्तो न चाँहिदो विचारले सताउन थाल्यो, साथी-भाइलाई सोधूँ भने देवकोटाको तस्वीरलाई विद्यासागर भन्ने मात्र छन् । मलाई एकलोपनको अनुभव भयो र लम्कँदो विचार-लाई टुंग्याउन जबरजस्त ढल्केर देवकोटाकै 'मुना-मदन' हेर्न थालें ।

× × ×

'के गर्दैछौ नानी ?' देवकोटाज्यू पो मेरो सामनेमा !

'नेपाली बोल्न न पाउँदा नियास्रो लाग्यो र 'मुना-मदन' पो पढ्दैछु ।'

'म आएँ नि त लौ अब गरौं गफ।' —दोस्रो वाक्य थियो।

छेवैमा भएको चौकी उहाँतिर सार्दै भनें—'मेरा फोस्रा गफले तपाईंलाई निद्रा मात्र आउला, बरू तपाईं नै केही सुनाउनु होस् !'

'मेरो सुनाउने कुरो केही छैन बाबु, यो एउटा पत्र हिजोमात्र पाएँ, चाख लाग्दो छ पढ्छौ ?' लिफाफा निकाल्दै भन्नु भयो। पत्र यस प्रकारको रहेछ—

गुरुदेव,

'हाम्रा कवि, लेखक तथा लेखिकाहरू के गर्दैछन् ?' भनेर सोध्नु भएथ्यो। यसको जवाब दिने सामर्थ्य ममा साह्रै छैन तथापि केही मात्रामा जनाउँदैछु। त्रुटि प्रति क्षमा-प्रार्थी छु।

सर्वप्रथम कवि शिरोमणि 'अरूणोदय' भन्दा पहिले उठेर 'लक्ष्मी पूजा' गर्न थालेका छन्। समज्यू 'चिसो चूल्हो' कसैको देख्न नपाउने 'इच्छा' गर्नु हुन्छ। पुष्कर 'धनको मुख रातो' हुन्छ र धनीहरू 'स्वार्थत्याग' गर्न सक्दैनन् भन्दैछन्। सिद्धिचरण 'तिम्रो बासित पैसा छैन' भन्दै मिठाई माग्ने नानीहरू फुल्याउँदैछन्। शिवकुमार राई 'फ्रण्टियर' घुमेर आएदेखि 'डाक बंगला'-मा नै बस्न थालेका छन्। पारस मणि प्रधानज्यू त्यान्द्रा तुन्द्री 'बटुल-बाटुल' गर्दा गर्दा थाकेर कथाको बदलामा 'शब्दकोश' बनाउन थालेका छन्। अगमसिंग गिरी आकाशका 'नौ लाख तारा' गनि सकेकै दिन 'आत्म-व्यथा' बाट मुक्त भए रे ! प्रेम थापा 'विवाहित जीवन' मा पसे रे। नरबहादुर दाहालजी थाकेर होला 'बर-पिपल' को चौतारामा थकाइ मार्न बसेका छन् रे। ध्रुव 'जीवन कुन दिन जाने हो' र 'बादल लोक' मा पुगिने हो मात्र भन्छन्। धरणिधर 'नेपाल' को उन्नति देखेर खुशिहुन थालेका छन्। राधिकाले 'मुरली' र किरातले विनायो बजाएको सुन्ने मानिस उनीहरूको कलामा तारिफ गर्छन् तर मैले सुनेको छैन। खिदमत सुब्बा 'आधुनिक विद्यार्थी' सँग झगड़ा भएदेखि बोल्नसम्म छाड़ेका छन् रे। हुमेगाईं 'कोपिला' फूल टिप्दै माला उन्ने विचार गर्दैछन् रे। अमला हिजो अस्ति एक फेर घरभित्र 'बाछिटा' पस्यो भन्दै आएकी थिइन, त्यहाँउसो पत्तो छैन। पार्वतीलाई बाढुली लाग्दा 'तिमीले मलाई सम्झयौ होली' भने पछि चट्ट हट्थ्यो रे तर अब त बाढुली नै लाग्न छोड्यो रे। रामकृष्ण शर्माजी डाकर छाड़ेर 'धामिको पक्षमा' लागेका छन्। ज्ञवाली 'मध्य युगमा आइ पुगियो' भन्दैथिए। धर्मराज ता 'वसन्त' मा मात्र देखिन्छन्। राजनारायण, बम्जन, एम० एम०, गणेश प्रसाई सबै शन्चै छन्। अन्य सबै खबर पुनः लेखुंला। आज यहीं टुंग्याएँ।

"………चेलो"

'कस्तो लाग्यो नानी ?' देवकोटाले सोध्नुभयो।

'पत्र ता राम्रै लाग्यो तर………' अधुरो वाक्यमा देवकोटासँग छुट्टिनु पर्‍यो। उठाउन आउने साथीलाई झण्डै हिर्काएँ।

विदाइ-क्षण

—श्री मदनकुमार छेत्री,
सन्त जोसेफ कालेज
दार्जीलिङ ।

विदा भन्न आएँ साथी
विदा देउ म जान्छु
हाँसें खेलें तिम्रो पथमा
संझना बोकी म लान्छु ।

हुरी - तूफान आफैं बनें
घाम र छाया साथ लिई
जानै पर्थ्यो दूर कँही
यस्तै बेदना मात्र पिई ।

केवल क्षणको भेट अनौठो
अन्तिम क्षणको साथ ।
उकालो ओह्रालो हिड़नै पर्ने
आयो धुम्म प्रभात ।

विषाक्त भावना संझी तिमीले
आधार अर्कै खोज है !
स्वर्णिम सपना साथ लिएर
अर्कै दुनियाँ रोज है !

यस्तै संझी फर्क है साथी
हृदयको बाड़ रोकी
सदैवको निम्ति जानै पर्थ्यो
केवल आँसु बोकी ।

भन्नै थियो अरू केही
तर अब के भन्न सँकुला
विदा मात्र भन्न म आएँ
नितनित तिमीलाई संझुला ।।

अविवेकी विवेक

—श्री मोतीबीर राई
सरकारी कालेज
दार्जीलिङ ।

के संसार स्वप्न त होइन ? सत्य के हो ? के मानव-जीवन आकस्मिक घटना त होइन ? हाम्रो जीवनको निष्कर्ष के हो ? यस्तै अनगिन्ति विचार मेरो मनमा हर्दम उत्पन्न हुन्छन् । आफैंलाई प्रश्न गर्दछु, तँ को होस् ? म त उहिल्यै मरिसकें हुँला । मेरो मृत आत्मामात्र सायद् यो स्वप्न-संसारमा परिभ्रमण गरिरहेको होला । आखिर मृत्यु र जीवनलाई छुट्याउने निश्चित साँध नै पो के छ र ? के म स्वप्न त देखिरहेको छैन ? आफैलाई चिमोटछु; चिमोटेको ठाउँमा पीड़ा अनुभव गर्दछु; अनि मनलाई सान्त्वना दिन्छु; तँ मरेको छैनस्, स्वप्न पनि देखेको छैनस्, तँ जीवितै छस् । म छक्क पर्दछु, फेरि प्रश्न उठ्दछ : के यस्तो विचार म मात्रै गर्दछु कि सबैले गर्दछन् ? इतिहासको पाना पल्टाएर हेरें, साथी-भाइसित कुराकानी गरें; असंख्य व्याख्यान र बक्तृता सुनें, यो व्यथा मलाई मात्र होइन दुनियाँलाई नै लागेको रहेछ । सायद् मानिसलाई 'मानिस' भन्ने नाम यस्तै विचारधाराहरूले दिएका होलान् ।

थालनीमा राखिएका प्रश्नहरूलाई जति जति म समाधान गर्ने प्रयत्न गर्दछु उति उति म आफूलाई असफल पाउँदछु । जति जति म संसारलाई चियाउँछु उति उति यो पर सर्दछ, जति जति म सत्यलाई पक्रन्छु उति उति यो हातबाट फुत्कन्छ; जति जति म जीवनलाई अंगाल्न खोज्दछु उति उति मलाई नै मृत्युले घिसार्दछ । यो संसार यति ठूलो छ, यहाँ समस्त पृथ्वीको सागर किनारमा रहेको बालुवाको कणा बराबर एका अर्कादेखि कड़ोरौं माइल टाड़ा स्थित ताराहरू छन् । तर यो पनि त केवल एक अनुमान न हो ! कसले भन्न सक्दछ जुन संसारलाई 'असीमित' भन्ने विशेषण दिइएको छ त्यो संसार सर जेम्स जीनको संसार भन्दा पनि ठूलो न होला ! के म यस्तो अजङ्को संसारलाई यस्तो दुइ दिनको जीवनमा यति कमजोर विवेकशक्तिले चाल्न सक्तछु ?

यत्रो वृहत् विश्व ब्रह्माण्डमा मानिसको अस्तित्व अत्यन्त नगण्य प्रमाणित हुन्छ । यो सानो पृथ्वीमा मात्र मानिस जातिको अस्तित्व छ । अहिले सम्म अन्यत्र कहीं पनि प्राणी छन् भन्ने प्रमाण पाइएको छैन । मानिस र चेतना-शक्तिको कुरै छोड़िदिऊँ । अतएव वैज्ञानिकहरूले यी दुइ कुरालाई केवल एक आकस्मिक घटना भनेका छन् । उनीहरूको भनाइ अनुसार यी दुइ पदार्थको (matter) उपफल (byproduct) हुन् । तर वीशौं शदीका ठूला ठूला वैज्ञानिकहरूले प्राण र पदार्थ (Life and matter) दुवै मौलिक (fundamental) हुन् भनी स्वीकार गरेका छन् । फेरि अध्यात्म शास्त्रले यी दुवैलाई उखेलेर आत्मालाई प्राधान्य दिएको छ । यी विभिन्न सिद्धान्तहरूको बीचमा हामी अन्योलमा छौं । एक्काइसौं शदीमा उपरोक्त जम्मै सिद्धान्तहरू (theories) भूटा प्रमाणित हुन सम्भव छ । मानिसको ज्ञानको कुनै टुङ्गो छैन । कुनै दिन पृथ्वी चेप्टो छ, पृथ्वी अचल छ, सूर्य हिंड्दछ भन्ने विचार सत्य मानिन्थ्यो तर आज ती सब धारणा भूटा

प्रमाणित भएका छन्; भोलि फेरि आजको विचारले पल्टनबाजी नखाला ? हाम्रो यो सीमित विवेक-शक्ति (reason) कदम कदममा ठोकर खान्छ। भनिएकै छ– "For, indeed, who can prove that proof itself is a warrant of truth ?" हाम्रो देह, हाम्रो जीवन, हाम्रो ज्ञान 'भीरको चिण्डो' जस्तो छ। हाम्रो आँखाले न त परमाणु (atom) देख्छ न त स्वयंभू (absolute) नै; यसले केवल क्षितिजसम्मको मैदान र क्षितिजमाथिको नीलो आकाश देख्दछ। त्यसभन्दा पर सर्वत्र अन्धकार छ।

उपरोक्त कथनले यो सिद्ध गर्दछ मानिस-को ज्ञान सीमित छ। यत्रो विश्व-ब्रह्माण्डको के कुरो हामीले 'हामीलाई' नै चिन्हेका छैनौं। त्यसैले होला महात्माहरूले 'संसारलाई चिन्नु भन्दा पहिले आफूलाई चिनक्', 'जसले आफूलाई वशमा ल्याउन सक्छ त्यसले संसार-लाई वशमा ल्याउँछ' भनेका। जति जति संसार, जीवन, ज्ञानको विश्लेषण गरिन्छ उति उति दुर्बोध्य जँच्तछन्। भित्र-बाहिर, यहाँ-त्यहाँ, तल-माथि, सर्वत्र द्वन्द्व मचिरहेको देखिन्छ। यस्तो निरन्तर वैमनस्यताले भरिए-को संसारमा वैमनस्यता र द्वन्द्व सिवाय अरू केही पाइन्न। सत्य खोज्नु त नभएकोलाई खोज्नु जस्तो मात्र हुन्छ। आफूलाई हेर्दछु, ज्ञान-अज्ञान, आत्मा र देह, धर्म र अधर्मको संयुक्त मोर्चा आफूलाई पाउँदछु। एउटाले मलाई स्वर्गतिर आह्वान गर्दछ अर्कोले मलाई नर्कतिर घिसार्दछ। दुइ प्रतिद्वन्द्वीको ताना-तानले मेरो जीवन निर्मित छ; यी दुइले नै ध्वस्त पार्दछ। मैले मात्र होइन पृथ्वीका एक एक मनुष्यले यो तानातानबाट मुक्ति हुने अथक प्रयत्न गर्दै आएका छन्। तर मुक्ति ता केवल मृत्युमा मात्र मिल्दो हो। (तर, 'आफैं मरे मात्र स्वर्ग देखिन्छ' भन्ने उक्तिले म मस्कन्छु)। यस्तो मनुष्य-जीवन-को के सार छ भनी म गम्दछु। यो मेरो ४८ आउन्स गिदीले कहिले कहीं यो जीवन नीरस अनुभव गर्दछ; कहिले सारै सारले पूर्ण पाउँदछ; कहिले म जीवनलाई फक्रेको फूलसित दाँज्दछु; कहिले म यसलाई ककौंला-को पानी तुल्य सम्झन्छु; कहिले स्वप्न ठान्दछु, कहिले विपना मैं मान्दछु; कहिले म दार्शनिक बन्दछु, कहिले महात्मा अनि कहिले पागल; तर कहिले कहीं म आफूलाई यिनीहरूदेखि शत प्रतिशत भिन्न पाउँदछु। अहसम्म मैले किटेर भन्न सकेको छैन म को हुँ, मेरो जीवन के हो, मेरो कर्त्तव्य के हो हो, मेरो धर्म के हो अथवा मेरो निष्कर्ष के हो ? र पनि म आफ्नै कपोलकल्पित धर्म-कर्म, आचार-व्यवहार, कर्त्तव्याकर्त्तव्यलाई अंगालेर खाइरहेछु, हिंड़ीरहेछु, रोइरहेछु, हाँसिरहेछु, बाँचिरहेछु अनि बाँच्दैछु भन्दै मरिरहेछु।

न मैले तिमीलाई चिनेकोछु, न मैले उसलाई चिनेकोछु, न त संसारलाई नै चिनेकोछु; तर सबै भन्दा शरमको कुरो मैले आफैंलाई चिनेकोछैन। तै पनि म तिमीसित बोल्दछु; उसको आलोचना गर्दछु अनि संसारको वर्णन गर्दछु। कस्तो आत्मविरोधी कुरो !

सौभाग्य भनौं कि दुर्भाग्य, ज्ञान भनौं या अज्ञान; सायद दुवैको मिश्रण हुँदो हो, मानिस जातिले अतीतकालदेखि आफूलाई मात्र होइन संसारलाई चिन्ने प्रयत्न गर्दै आएका छन् तर कति मात्रामा तिनीहरूले साफल्य पाएका छन् त्यो पनि राम्ररी अन्दाज लगाउन सकिन्न। हजारौं हजारौं वर्षदेखि मानिस जातिले जीवन अघि र जीवन पछि-को अनि क्षितिजपारिको अज्ञात संसारमा चियाउने कोशिश गर्दै आएका छन्। तर प्रश्न उठ्छ: के मानिसको चर्म-चक्षु त्यहाँ-सम्म पुग्न सक्ला ? प्रश्नको उत्तर अकरणमा

पाइन्छ । अन्धकारको एक पर्दा उघार्नासाथ अर्को पर्दा देखिन्छ, फेरि त्यो पर्दा उघार्दा अर्को पर्दा देखिन्छ; अन्त्य कहिले पाइन्न । यो काम दुर्योधनले द्रौपदीको चीर हरण गरे जस्तो छ । इमानुएल कान्टले भनेकाछन्— हामीले संसारको रहस्य कदापि बुझ्न सक्तैनौं; हामीमा त्यो सामर्थ्य छैन । हर्बर्ट स्पेन्सरको स्वयंभू (absolute) र विभिन्न धर्म (religion) हरूले मानेका 'ईश्वर' (God) यही कालो अँध्यारो पर्दा हो भनी वैज्ञानिकहरू गिज्हा गर्दछन् । हामी लाटा सुधा जति सबै जिज्ञ पर्छौं । तर यस्तो जानी नसक्नु रहस्यभन्दा भन्दै पनि मानिसले आफ्नो परिश्रम, बल र गिदी यही दिशातिर लगाइ रहेका देखिन्छन् । न जानिने कुरो जान्ने किन व्यर्थ चेष्टा गर्छौं ? यसैलाई महात्माहरूले माया, मृगतृष्णा भनेकाछन । जीवनको वियोगान्त नाटक (tragedy) सायद यही होला ।

संसारको रहस्य हामीबाट अज्ञात रहेको पहिलो कारण हाम्रो सीमित ज्ञान हो, दोस्रो हाम्रो क्षणस्थायी जीवन हो । तर सबैभन्दा मुख्य कारण हो मानिसको ज्ञान वृद्धिको साथ साथै संसारको परिमाण (dimension) को पनि वृद्धि । जब म बालक थिएँ मेरो संसार घर र गाउँमै सीमित थियो । उमेर र अनुभवको वृद्धिको साथ साथ त्यो मेरो संसार समाज, देश, पृथ्वी अनि अन्त्यमा विश्व-ब्रह्माण्डमा परिवर्तित भयो । यसरी जति बढ्ता जान्यो उति बढ्ता जान्नु पर्ने कुरा पनि बढ्दछ । मलाई त यस्तो लाग्दछ, हामी यहाँ आफ्नो अज्ञान (ignorance) जान्न मात्र आएका हौं । यदि हाम्रो जीवनको कुनै उद्देश्य (purpose) छ भने त्यो हो आफ्नो अज्ञानको परिधि जान्नु । यही मनुष्यत्व हो । हामी पुस्तक पढ्छौं, कालेज जान्छौं, अन्वेषण (research) गर्छौं, देश-विदेश घुम्छौं, तर्क-वितर्क गर्छौं, केवल आफ्नो अज्ञानको परिचय दिनलाई । यदि कसैले आफ्नो विद्वता र ज्ञान देखाउने प्रयत्न गर्दछ भने त्यसलाई मूर्ख भने केही अत्युक्ति हुँदैन किन कि उसले आफ्नो ज्ञान (जुन चाहिँ अतीव सीमित छ) मात्र चिन्दछ उसले उसको अज्ञान (जसको सीमा छैन) त्यो देख्दैन । साँचो ज्ञानीले आफ्नो ज्ञान र अज्ञानको राम्ररी अन्दाज लगाउन सक्तछ अनि जब उसले आफ्नो सीमित-ज्ञान असीमित अज्ञानको सामु नगण्य पाउँदछ उसले मौन व्रत धारण गर्दछ । यसले हामीलाई संस्कृतको निम्नलिखित श्लोक सम्झाउँछ—

नापृष्ट कस्यचिद् ब्रूयान्न चान्यायेन पृच्छतः ।
ज्ञानन्नपि हि मेधावी जडवल्लोकः आचरेतः ।

माथिनै भनियो मानिसले सत्यलाई चिन्नलाई पुराकालदेखि प्रयत्न गर्दै आएका छन् तर मानिसको सीमित ज्ञानले त्यो सत्य अझ पत्तो लगाएको छैन; सक्ला भन्ने पनि केही आशा छैन । यसैका खोजमा अनेकौं ऋषि-मुनि जङ्गल पसे; कसैले घर-द्वार, जहान-बालबच्चा, राजमहलसम्म त्यागे; कति आफैं बौलाहा भए तर अन्धकार अन्धकार नै छ ।

हुन त अनेकौं विद्वान, महात्मा र दार्शनिकले सत्यको परिभाषा दिएका छन । तर तिनीहरूको विभिन्न परिभाषाहरूकै बीचमा तानातानी छ । तिनीहरूमा कतै एकमत देखिन्न । असंख्य परिभाषाहरूको बीच हामी निस्सासिरहेका छौं । कुन सत्य, कुन झूटो सो खुट्याउने हामीमा सामर्थ्य छैन (खुट्याउन सके त सत्य पाइहालियो नि) । हुन सक्छ, तिनीहरू कसैको परिभाषा सत्य छैन । संसारको प्रत्येक कुरामा पाइने द्वन्द्व-प्रतिद्वन्द्वले हामीलाई एउटै कुरोतिर निर्देश गर्दछ—मानिसले सत्य भन्ने कुरो जान्नै सक्तैन ।

दोषी को ?

—श्री टहलदास अधिकारी
भद्रपुर हाई स्कूल ।

सुदूर क्षितिजबाट प्रतिक्षा गरी
हृदयमा विभिन्नार्थक भावना जगाई,
चाहन्छ पगाल्न पत्थररुपी छाती
तर वास्तविकतालाई बुझिन भने,
दोषी को ?

सुगन्ध पथमा तरंगित हुँदै
पुष्पित विरूवा उखेल्दै फँक्तै,
मानवताको सीमित विवेचना
पाएन जान्न उसबाट अनुकूल भने;
दोषी को ?

कृति किटाणु आह्वान गर्दै
कलंकित जीवनका प्रतिपल गन्दै;
नारी हृदयको उद्दण्डतालाई सम्हाल्दै
विश्लेषण गर्दा सकिन चिन्न उसलाई भने,
दोषी को ?

जागृत भावनाले बेहोश बनिई
साकार दर्शन पाउँला भनी विवेकहीन;
निरूद्देश्य, सदैव प्रत्यक्ष पीड़ित रहँदा
दिएको सहानुभूतिको गर्दैन परवाह भने,
दोषी को ?

दुरवस्था
दुरावस्था पक्षित सदस्यवर्गलाई पुज्दै
स्थिति र नैतिकतालाई तिलाञ्जली दिंदै;
जाज्वल्यमान भविष्यलाई निष्क्रिय ठानी
जीवन इतिहासमा क्लिष्टता भर्छन् भने,
दोषी को ?

पवित्रतालाई कलुषित पार्ने
समाजद्रोही तत्वसंग मित्रता जोड़्ने
विशिष्टता, दायित्व र परम्परा संझी
आजन्म बिताउन चाहनेहरूमध्ये,
दोषी को ?

★

कठपुतली

—'कृष्ण'

फुत्रुक, फुत्रु...क उफ्रन्छु म—नाच पुतली नाच ..नाच पुतली—नाचको मधुर तालमा। यी नर्त्तन परंपरागत पुर्खेउली होइन। प्रगतिशील मानवको प्रगतिबादमा मेरो पाउ पनि अघि लम्किरहेछ। मेरो लम्काइ प्रगतिशील होस् वा शिथिल, समयको परिवर्त्तन अनुसार म पनि परिवर्तित भइरहेछु। त्यसैले मेरो नर्तनमा आज भन्दा भोली, भोली भन्दा पर्सि नौलो ढंग झल्किरहेछ।

परंपरागत यात्रामा काली नाचको नटुवा र लाखे नाचको नटुवा बनी नृत्य प्रदर्शन गर्दिन, मंगसीर मासको खेतमा छुइ...या...मा हा...हा को मधुर संगीतमा धान नाच गर्दिन, हो...राम...राम भन्दै बुढ़ापाकाका माझमा कम्मर मर्काइ...मर्काइ नाची जोसिलो गफ भंग गर्दिन, मादलको समला को तालमा मारुनी बनी नुपुर छुम्...छुम् पारी दर्शकवर्गलाई आकर्षित गराउँदिन केवल प्राच्य भेषभूषामा सुसजित भई "क्लब" र आधुनिक रङ्गमञ्चमा 'रक-एण्ड-रोल'-को बादनमा नृत्त प्रदर्शन गर्छु।

म केवल आफूमात्र नर्त्तन र नृत्त गर्दिन तर ताण्डव नृत्य र लास्य नृत्यका परम भक्त नटराजलाई समेत 'रक-एण्ड-रोल'-को पाठ पढ़ाउँछु। क्लबमा लगी पराया स्त्री संग 'बाल डान्स' गर्न लगाउँछु। यसैमा मेरो महानता र आधुनिकता छ। गर्व गर्छु, गौरान्वित हुन्छु, समाजमा शिर उँचा पार्छु। मलाई परिवर्त्तन हुन पनि बाध्य गराएको छ। यदि आजन्म परंपराबादी बनें भने पटुका कस्न पर्ने छ—पेटमा, कम्मरमा होइन; उच्च आकांक्षा—किनखाब, सुन्दर तास र असली रेशमी वस्त्र पहिरने माटामा मिश्रित हुने छ। मेरा मालिक मञ्चको एक कुनामा शुष्क ओंठ लिई डल्ला पर्नु पर्ने छ।

त्यसैले म 'रक-एण्ड-रोल' र 'बाल डान्स' पराया स्त्रीको कम्मरमा हात राखी नृत्य र नृत्त प्रदर्शन गरी दर्शकवर्गको ध्यान ममा आकर्षित गराउँछु। यसै नृत्यमा तालीको आवाजले भवन गुञ्जयमान हुन्छ, आवाज आउँछ अफ-'एकचोटी' (एनकोर)। मेरो पनि उदासी मोहड़ामा हास्यको रेखा दौड़न्छ तर युगल नयनमा आँसु भरिन आउँछ हृदयलाई आत्मग्लानिले सताउँछ। म आत्मालाई आत्म-हत्या गरेको अनौठो अनुभव गर्छु। तर यो कसले बुझ्ने प्रयत्न गर्ला औ बुझला—म एक कठपुतलीको वेदना।

म त केवल मदानी तुल्य मात्र छु। मदानी आफैं नघुम्ला तर घुमाउँछ उसलाई कुनै अर्को प्राणीले। महीमा पौरिन्छ मदानी, औ यसको पोरा वरिपरि घिउ टाँसिन्छ—ठेकीमा घोटिएको प्रतिफल यसले यतिनै पाउँदछ, स्वाद घिउको यसले के पाउँदछ र? शुष्क, फुटेको ओंठ कसैको चिल्लिन्छ, कसैको तृष्णाग्रस्त शुष्क घाँटी महीले भिजाउँछ त के मदानी केवल 'मेरा बाजेले घिउ खाएका थिए, मेरो हात सुंघ सुंघ' भन्ने मात्र होइन र? मदानीको मेहनतको फल महीले कसैको शुष्क कण्ठमा शितलता ल्याए झैं, भोकाएको बाघ र तिर्खाएको माछा झैं मेरो अवस्था छ। म एक कुनामा शुष्क कण्ठ पानीले भिजाउँछु, भोकाएको पेट पटुकाले कस्छु, लाज

ढाक्छु जीर्ण वस्त्रले, याद आउँछ स्वदेशी वस्त्र भाङरा र खाँडीको । विदेशी किनखाव र तासमा लोभिएँ औ भएँ वस्त्रहीन । चौकीमा बसी टेबलमा हात पसार्दा भुलें सुकुल, भएँ भोकै, झ्लिएँ मञ्चको एक कुनामा ।

एवंरितेन युवाअवस्थामानै बुढ़ो भएँ, अनुहार चाउरिन थाल्यो, ढाड़ कुप्रियो अन्त्यमा भएँ बाटाको भिखारी । माग्नेको उपमा पाउनबाट वञ्चित रहिन । राम्रो लाउने र मीठो खाने इच्छा रहेन तर उच्चाभिलाषाको पैदायस भयो—स्वच्छ हिमालयको फेदीमा बसेकी आमाको न्यानो काखमा पुर्खाका झैं अन्तिम संस्करण हुने । तर उत्कट कामना, कामनामानै रह्यो । अन्तिम प्रस्वास लिएँ दुइ शब्दको साथ साथ—'अरूको लाख आमाको काख ।'

मृत शरीर फ्यांकिन्छ घुस्यानमा त्यहींका माटालाई मलिलो बनाउन तर म मानवको सेवा गर्न भुल्दिन तर कर्त्तव्य ठान्दछु जो अप्रत्यक्षरूपमा यस क्षणस्थायी नश्वर शरीरले गरिनै रहन्छ । तर मानवले मलाई आजको भोली भुलछ स्वर्गवासीको उपाधि दिन्छ तर उपाधि योग्यको म छैन अनि मलाई सुहाउँदैन कारण मेरो आत्मा अमर छ, म त केवल चोला मात्र बदली रहन्छु । म आज दर्शक बनी अन्य अपरंपरावादी कठपुतली गायन र वादनको तालमा नृत्य र नृत्त प्रदर्शन मञ्चमा फु...त्रु...क, फु...त्रु...क उफ्रेको हेर्दछु अति उफ्रन्छ त्यो फु...त्रु...क, फु...त्रु...क तालमा ताल मिलाउँदै फुत्रुक..... फुत्रुक ।

व्यथा मेरो

—श्री राम राई
दार्जीलिङ ।

म..............,
जगतीतलको एउटा कुनामा
संज्ञाहीन अचेतन छु,
दैन्य बैकल्यको घात प्रतिघातले
जीवन लाग्दछ
रुग रुगे पखेरामा अल्झिएर
वेदनाको भाका आलापी बेथालु,
चेतन दुनियाँलाई हँसाउने
आकाशे तारा ।
एकान्तमा आँसू हाँस्दछ,
देख्ला कि स्वार्थी जगले जस्तो लाग्छ,
किन्तु —
अनायासै भावनाले छरिदिन्छ मुस्कान आभा
आँसू मेटाउने प्रयासमा ।
प्रमुदित दुनियाँ भुलिरहला, मेरो मुस्कानमा
तर —
व्यथासिक्त, हृदयको भतभत ज्वाला
अर्कै छ अगोचर अन्तस्थलमा ।

आँस्या

—श्री हर्क परियार
कालिम्पोंग ।

औंसीको रात । अझ कालो बादलले आकाश झोलिएको छ । वायु-प्रवाह वेगसित बहिरहेको छ । निष्पट्ट अँध्यारो हुनाले गाउँको वातावरण भयनकता, शून्यताले परिपूरित छ । त्यही शून्य वातावरण र चकमन्नतालाई चिर्दै "च्यौं च्यौं" रोदन शब्द आयो ।

मुखियाको घरमा एउटी नवजात शिशुले यस संसारमा प्रथम पाइलो हालिन् । धेरै दिन अघिको अटुट संकल्प र प्रार्थना पूरो भएको हुनाले मुखियाको हर्षको पारावार थिएन, तिनको शुष्क अनुहारमा दिव्य ज्योति प्रस्फुटित भयो । छोरोको इच्छा गरेको भए पनि छोरी पाउनाले सन्तुष्ट नै भए । न्वारान-को दिन छोरीको नामकरण गरियो—पार्वती !

शुक्लपक्षको चन्द्रमा झैं पार्वती दिन दिनै बढ्न लागिन् । माता पिताको वैभव र अगम ममता पाउन थालिन् । सोह्रौं वर्षमा प्रवेश गरे पछि तिनमा पूर्ण यौवन र सौन्दर्य छरिएको थियो । नवम श्रेणीसम्ममा तिनले साहित्य-जगतमा निकै ख्याति प्राप्त गरेकी थिइन् । गाउँको वातावरणमा हुर्केकी हुनाले प्रकृतिसँग तिनको ठूलो सम्बन्ध थियो । यसैले तिनको कथा, कविताहरूमा प्राकृतिक सौन्दर्य र वर्णनहरू प्रचुर मात्रामा पाइन्थ्यो । नेपाली साहित्यमा चासो लिनेहरू तिनको निकै प्रशंसा गर्थे, तिनीसँग परिचय गर्न चाहन्थे ।

एकदिन साँझमा पार्वती स्कूलबाट घर फर्किरहेकी थिइन् । तिनको चंचल नयनहरू चारैतिर पुग्दथे, चरा-चुरुङ्गीहरूको कल्लोल, शीतल वायुको झोंका र डाँड़ामा अस्ताउन लागेको सूर्य्यका स्वर्णिम किरणमा परेर उसको हृदय नै आनन्दमय हुन्थ्यो । पार्वतीको कवि हृदय प्रफुल्लित भई नाच्न लाग्थ्यो । उसको नजर अझ टाड़ा पुगे पछि त्यहीं अड़ियो—एक चित्रकार वृक्षको छाहारीमा बसी चित्र कोर्नमा तल्लीन थियो । पार्वती चित्रकारको पछिल्तिर गई उसको कलालाई निहार्न लागिन । यो सुन्दर कलाकृति देखी तिनी मुग्ध भइन् । प्रकृतिको सौन्दर्य सबै उसले आफ्नो चित्रमा उपस्थित गरेको छ । जुन कुरो तिनी आफ्नो लेखादिमा राख्दछिन् ।

कलाकार आफ्नो चित्र कोर्नमा मस्त छ । उसले उसको पछाड़ी को छ थाहासम्म पाएन । केही क्षण पछि चित्र तयार गरिसके-पछि, जसै पछिल्तिर मुण्टो फर्काएको थियो त्यहाँ सौन्दर्यको प्रतिमा देखेर उ झस्कियो । साथै पार्वती पनि झस्किन्—अकस्मात, कलाकारले हेरेको देखी आफ्नो चित्र पट्टिको ध्यान बिर्सेर झस्किन् । तिनको मुहार लज्जाले रक्तिम भयो ।

"तपाई को ?"—कलाकारले प्रश्न गर्‍यो ।
"............" पार्वतीले जवाब दिन सकिनन्—मुण्टो निहुराएर उभिरहिन । फेरि कलाकारले आफ्नो प्रश्न दोहोरायो । यसपाली बल्लैले पार्वतीले भनिन्—

"पार्वती"

"मुखियाकी छोरी ?" कलाकारले प्रश्न गर्दै आफ्नो परिचय दियो—"म हूँ हरिश ।

मामा माइज्यूसित भेटघाट गर्न शहरबाट आजै यस गाउँमा आएको........ ....।"

× × ×

एकदिन बिहाको निम्ति एउटा उच्च कूलबाट पार्वतीलाई माग्न आए—उनीहरूले पनि विचार गरे। बढ़ेकी छोरी, घरमा राखेर के गर्ने? आखिर एकदिन न एकदिन छोरीलाई विदा गर्नै पर्छ भन्ने ठानी चाँड़ै नै विवाह गरिदिने विचार गरे। फागुनमा विवाह निश्चय भयो।

आज पार्वतीको विवाह—घरमा खुशीको साम्राज्य—सबै जना हँसमुख छन्—मुखेनीलाई सास फेर्नेसम्म फूर्सत छैन—मुखिया पनि निम्तालुहरूसित हाँस्दै बात गर्नमा मस्त छन्। खुशीको सीमा छैन। हुन पनि किन नहोस्—एउटी छोरी त्यसमाथि चाँड़ै नै विवाह गरिदिने अवकाश पाएको—तिनले पानी झैं वास्तै नगरी रुपियाँ पैसा खर्च गर्दैछन्।

बेलुकीपख मुखिया निमन्त्रित व्यक्तिहरूसित गफ गर्दै थिए। एक अपरीचित युवक आएर एउटा पत्र दियो। तिनले भित्र गएर पढ़न लागे—जति जति तिनी पत्र पढ़्दै जान्थे तिनको अनुहारको भाव बदलन्दै जान्थ्यो। पत्र पढ़ि सकेर मुखिया मुर्छित भएर भूइँमा लोटे, सबै अत्तालिन लागे मुखियालाई उठाएर पलङ्गमा सुताएर हतार हतार उपचार गर्न लागे, मुखेनी र पार्वती रुन लागे—सबैले तिनीहरूलाई सान्त्वना दिन थाले, पत्र भूइँमै थियो।

चित्रकारको घर पनि पार्वतीको घरको छेउमा थियो। यसरी विवाह घरमा रोदन र चित्कार सुन्दा उ अत्तालिंदै विवाह घरतिर लाग्यो। विवाह घरको वातावरण अमृत विषमा परिणत भए झैं लाग्यो। चित्रकार पुगेर सोध पुछ गर्‍यो तर उत्तर पाउन सकेन। मुखिया अस्तव्यस्त भई पलङ्गमा लड़िरहेको देख्यो अनि टेबलमुनि पत्र देख्यो। यो पत्र उठाएर हेर्‍यो।

'ता० २५-३-......'

मुखिया साहब,

नमस्ते।

पत्र पढ़ेर तपाईंलाई दुःख अवश्यै लाग्ला तर यसमा तपाईंकै भूल हुनाले मलाई माफ गर्नु हुनेछ भनी म आशा राख्छु। पहिले नै तपाईंको छोरी "औंस्या" हो भनी बताई दिनु भएको भए आज यस्तो हुने थिएन। तपाईं जान्नु हुँदछ कि औंस्या केटी अलच्छिनी हुन्छे औ उसको पति धेर दिन बाँच्दैन यसर्थ म मेरो छोरोको जीवन बिगार्न चाहन्न।

तपाईंको विश्वस्त—

धनवीर

पत्र पढ़ि सकेर उ केही क्षण मौन रह्यो। त्यसपछि उसले भन्यो—"पार्वती औंस्या? यसले उसको भोलीको मात्र होइन तर जिन्दगी भरको लगन रोकियो? झूठ! अन्ध विश्वास!!" पार्वतीको हात समाउँदै—"पार्वतीको भोलीको लगन म सँग हुने छ......।" यो सुनेर मुखियाको पट्टल बाँधेको आँखा उघ्रेर एकै पल्ट चित्रकारलाई हेर्‍यो।

जस्तो लाग्छ

—श्री जे० एन० शर्मा
इन्जिनियरिङ कालेज
बर्द्धमान ।

संसारको विचार तत्वमा दुइवटा सर्व-प्रथम सामान्य विचार मानिसमा छन्—ती हुन्, प्रतिद्वन्द र परिश्रम । यो विस्तिर्ण कृति मानिसका हृदयमा र पूर्ण प्रवृत्तिका-निम्ति हुन् । तिनीहरू लौकिक र पारलौकिक दृष्टिमा विवरण गरिएका छन् । दृढ़ आत्म-बादी मानिसले चाहिँ केही कोयलाको पाण्डले, पानीको केही मात्रा, केही चुना, केही फसफरस् र केही फलामका धुलो र सिलिकन, नुन्को मिश्रित इत्यादिको मिश्रण नै सुक्ष्म परीक्षा हुन् भनेका छन् ।

जहाँसम्म साँचो छ कि प्रकृतिले मानिस कुनै खासा धातु वा पदार्थ बिना बनाएको छैन । तर जुन जुन सूक्ष्म प्रशंसनीय सृष्टिको घरि घरि निर्माण गरिएको छ अथवा भएको छ त्यसलाई प्राणी कहिन्छ । मानिसका ती मिश्रणमा, त्यही पदार्थ, त्यही अन्तः प्रेरणा औ अन्तरजातिय प्रवृत्ति र संसारका प्राणी-का उत्तेजना पाइएका छन् । पदार्थ शास्त्रज्ञ-ले मानिस एउटा श्रमिक उन्नतिको फल हो भन्ने दृष्टिले पनि हेर्छन् । किनभने पितृ-श्रेणी तथा वंश परम्परा प्राणीमा प्राकृतिक र धातू उत्पत्ति भएको हुनाले मानिस श्रमिक उन्नतिको फल हो भन्ने धारणा छ । मानिस निर्दोष तथा निरपराधदेखि वञ्चित हुन र अन्त हुनलाई जन्मेको होइन तर विश्वमा, देशमा, गाउँमा कृति र परिश्रम दिन जन्म भएको हो । मानिसको जन्म अहिले भएको होइन तर प्रकृतिको धड्काईले जसरी भूमाताको सृष्टि भयो त्यसरी नै मानिसको पनि प्रादुर्भाव भएको हो । सर्व महान् शास्त्रज्ञले पनि मानिस चाहिँ सृष्टिमध्ये एउटा असल परिणाम र शिरपेच हो भन्ने धारणा गरेका छन् । यसै आधारमा जूलियन हक्सले भनेका छन्—"मानिस एउटा श्रमिक उन्नतको धरोधर्म बोल्ने सृष्टि हो अनि त्यस उन्नतिको दोबाटोमा उभिने प्राणी हो ।" त्यसर्थ भन्न सकिन्छ कि प्रकृतिले मानिसलाई धेरै कालसम्म आफै आफ विस्तृत गर्न सहायता नगर्दि रहिछ तर ती शक्ति, ज्ञान मानिस आफैमा हुनु पर्ने रहेछ । मानिस न त फूल झैँ ढकमक्क फुल्छ न त फल झैँ रूखमा लटरम्म नै फल्छ । मानिसले विचारेर एउटै मात्र कुरो छान्नु पर्छ जुनचाहिँ उसको निम्ति भविष्य सुधार हो या दुषित पार्नु हो । यो उसैमा निर्भर गर्छ स्वर्ग जानु र नर्क जानु, किनभने उ धेरै कालसम्म प्रकृतिको निर्देशक हुँदैन । यो मानिसको अद्वितीयता हो । यस आधारमा एउटा किस्सै हालौं—"एक दिन स्कूल निरक्षण गर्न एकजना निरक्षक एउटा कुनै स्कूलमा गएछन र एउटा छात्रलाई प्रश्न गरेछन्—'तिमीलाई कसले बनायो ?' छात्रले नम्रतासाथ जवाब दिएछ—'भगवान्ले मलाई जन्म दिए । त्यस-पछि म आफैं बढें अनि बनिएँ ।' भन्न सकिन्छ कि सप्रनु र बिग्रनु अनि बढ्नु र बनिनु आफैंमा निर्भर छ जो सच्चा मानिस हो ।"

मानिसले श्रमिक उन्नतिको समयमा स्थिति भेद गर्छ भने मानिससँग कुनै दृढ़ गुण छ जसले उसलाई अपूर्व बनाउँछ । मानिसमा विचार तथा अनुमान, कल्पना-

को मानसिक शक्ति, भाषणको दान, स्वप्नको योग्यता र उसको इच्छालाई प्रभावमा पार्ने स्वतन्त्र इच्छा ल्याउने शक्ति छ। मानिस स्वः अस्तित्व र गुण-दोष विवेचक छ तथा यसो भनौं उ दोषग्राही छ। मानिसका दुइ मुख्य दृष्टि छन्—अघि र पछि। त्यसर्थ उसको सनातनमा शोकले सुख दूर गरिदिन्छ तर मानिस यो समाप्तिय वर्त्तमानमा र सनातनमा बस्न तृप्ति छैन। किनभने मानिस यसबाट अलग रहन चाहन्छन्—जसरी आज रसियाले चन्द्रमामा पुग्न प्रयत्न गरिरहेछ। त्यसर्थ जुन मानिस यस आधारमा रहन्छ त्यो सृष्टि होइन तर सृष्टिकारी हुनु भनी साहस दिएकोमा जो रहन्छ त्यो मात्र सृष्टि हो। त्यहि मानिसले कहिल्यै टुङ्गिन नसक्ने विचार, अनन्त र अविनाशी र ऋणात्मकको वर्गमूल विचार जान्न र आविष्कार गर्न पनि सक्छ तर त्यही मानिस अँध्यारोमा एक्लै लड़िरहन पनि सक्छ, उ एक्लै उसको पापको निम्ति रोइरहन पनि सक्छ अनि उ एक्लै पश्चचाताप पनि गरिरहन सक्छ।

मानिस परिस्थितिको सृष्टि होइन तथापि उ परिस्थितिको भयङ्कर अंशवद्धबाट फुत्कन पनि सक्छ तथा बढ्न पनि सक्छ। दर्शन शास्त्रीहरूका विचारमा मानिस चाहिँ एउटा प्रकृतिमा भएको आवश्यकीय दिव्य हो। साथै उनीहरूले मानिस चाहिँ अधम, निच सृष्टि र उसका कुनै दैवत्वको चमक विनाको लालसामा बाँधिएका प्राणी होइनन् भन्ने धारणा पनि प्रकट गरेका छन्। हुन पनि मानिस चाहिँ संसारको सुन्दर र अनुपम प्राणी हो। कतिले भन्छन्—'मानिस निच र तुच्छ हो, अनि भगवान्को बिना कृपाले केही गर्न सक्तैन; र मानिस दुइ खुट्टे कप्टि पशु हो।' तर म भन्छु मानिस आज उसको अधिकारमा छ जुन कुरो तथा अधिकार तत्वज्ञानले मात्र दिन सक्छ। आज तत्व-ज्ञानले मानिसलाई बुद्धिमानसित योग्यताको प्रयोग गर्न प्रतिद्वन्द भइरहेकोछ। साथै आत्मविभाजन नै मानसिक प्रकृतिको सच्चा रूप हो भन्न अत्युक्ति नपर्ला। किनभने मानिसका प्राकृतिक अनुराग र प्रेम चाहिँ धार्मिक विश्वाससँग युद्ध तथा कलह गरि-रहन्छन् औ साथै उ आफै पनि मित्र र प्रकृतिसँग घमासान गरिरहेकै हुन्छ। आज मानिसलाई तत्वविज्ञानले र शिल्प विज्ञानले भयङ्कर शक्ति दिएको छ जुन शक्तिले मानिसको प्रयोगकानिम्ति प्रकृतिलाई जित्न र बुद्धिद्वारा काममा ल्याउन सफल गराएको छ। यसै आधारमा पास्कलले भनेका छन्—"मानिसमा एउटा आन्तरिक युद्ध छ, त्यो छ कारण र उत्सुकताका विचमा।" त्यसर्थ यी दुवै कारण र उत्सुक मानिसमा हुनाले यसैबाट थाह हुन्छ कि बिना कलह र युद्धले मानिसको सृष्टि हुन सकेन, किनभने एका अर्कामा युद्ध नभई शान्ति हुँदैन औ विवेक बढ्दैन। जसमा धर्म, शिक्षा, दर्शन, तत्व इत्यादिका सुक्ष्म ज्ञान हुँदैनन् ती अरूका खिलौना मात्र हुन्। हृदयचन्द्रका वाक्य—"सोझो छोरो अर्काको निम्ति वेगारी सृजनु मात्र हो।" पुष्टि गर्न सकिन्छ।

आज संसारको आधा भागले साधारण विश्वासलाई न्यूनता पारेको छ अनि बाँकि आधाले यसमाथि स्वमताभिमानी विश्वासको प्रभाव पारेको छ। यो त कल्पना गर्नु पनि मूर्खता हो। साथै आत्मविभाजन छुट्न सक्छ र शैक्षिक उन्नति पनि कार्यरूपमा परिणत हुन सक्छ भन्नु पनि दिवास्वप्न हो। यी सबै आफैं आफ हुन्छन् अनि यी सब हाम्रा अनुभव हुन्। ईरासमसले भनेका छन्—"दूरदर्शिता या मितव्यमा हेर, मानिसले मगजमा भएका पदार्थको पनि सुक्ष्म सुक्ष्म कारण ठिक ठिक बताएको छ।" यसैबाट थाहा हुन्छ कि मानिसको महिमा चाहिँ सम्भाव्यतामा पाउन गाह्रो छ।

गुनासो

—श्री तिलक थापा
आशाबारी जलपाइगड़ी

(कुमुदिनी परिवारद्वारा आयोजित २४ मई १९६१ को साहित्यिक गोष्ठीमा पठित)

रातको निस्तब्धताले
आज मलाई खिज्याइरहेछ
कारण —
मेरो हृदय-संगीत टुटेको छ ।
आज भन्दा भोलि,
भोलि भन्दा पर्सि
मेरो हृदयको व्यथा बढ़िरहेछ ।
अन्धकारको शून्यताले
मेरो जीवनलाई उथलपुथल बनाइरहेछ;
हृदय छिया छिया पारी
मेरा अतीतका घटनाहरूले,
आज मलाई,
पूर्ण याद दिलाइरहेछ ।
अब म बाँच्न चाहन्न
किन कि —
तारागण ती अनि चन्द्रले पनि
मेरो दुःखमा
हाँसो मिलाई
मेरो उपहास गरिरहेछ ।
मानव समाजले मलाई
घृणित नेत्रले हेरि
प्रलोभनको हुरीमा
आहुति दिन सिवाय
जानेको नै के छ र !
यसैकारण —
अब म बाँच्न चाहन्न ।

भाइलाई चिठ्ठी

—श्री खिड्प बमजन
गर्भमेन्ट कालेज
दार्जीलिङ ।

प्यारो भाइ,

अशेष प्यार ।

तिम्रो स्नेहमय पत्र पाएँ। तिम्रो पत्रले मेरो हृदय-सागरमा उल्लास साथसाथै विषादका तरङ्गहरू उत्पन्न गराए: उलथ-पुथल मचाए। तिमीले पत्रमा कवि, काव्य र साहित्य विषयमा जान्ने उत्सुकता प्रकट गरेका रहेछौ। तिम्रो यस्तो गहन उत्सुकता देखी म खुशीले गद्गद् भएँ। तर तिमीलाई बुझाउनु पर्ने समस्याले ममा शीथिलता आयो। कवि, काव्य र साहित्यलाई राम्ररी बुझ्नकोलागि चर्को तपस्या र चिन्तन चाहिन्छ। तर ममा त्यही तपस्या र चिन्तनको अभाव छ। त्यो भूल मेरै हो।

अपितु तिमीले आफ्नो जिज्ञासा प्रकट गरेकोमा, अन्यविद्वतवर्गका उक्तिका अनुकरण गरी केही बुझाउने प्रयास गरिरहेछु। त्यसबाट तिमीले चन्द्रमाको जस्तो उज्ज्वल प्रकाश नपाए तापनि जुन्किरीको जस्तो क्षीण आलोक त अवश्य पाउनेछौ भन्ने मेरो विश्वास छ।

एक विद्वान्ले कविका विषयमा भनेका छन्—

"अपारे काव्यसंसारे कविरेकः प्रजापतिः ।
यथास्मै रोचते विश्वं तथेदं परिवर्त्तते ॥
श्रृङ्गारी चेटकविः काव्ये जातं रसमयं जगत् ।
स एव वीतरागश्चेनीरसं सर्वमेव तत् ।
भावनचेतनानपि चेतनवच्चेतनानचेतनवत् ।
व्यवहारयति यथेष्टं सुकविः काव्ये स्वतन्त्रतया ॥"

(भावार्थ—कवि विश्वको काव्य रच्ने एउटा विधाता हुन्। उसको इच्छाले नै काव्यजगतको सृष्टि हुन्छ। कवि रोचक भए विश्व पनि रोचक बन्दछ। तर उनी दुखित भएको खण्डमा विश्व नै दुखित हुँदछ। कविमा यस्तो एउटा शक्ति छ—जुन शक्तिले कविले जीवितलाई नीर्जिव तुल्याउँछन् अनि नीर्जिवलाई जीवित।)

आजकल कविता रच्ने व्यक्तिलाई कवि भन्ने चलन छ। यी व्यवहार उपयुक्त पनि छ। प्रश्न उठ्न सक्छ—फुटकर कविताहरू त घाँसी दाउरेहरूले पनि रच्न सक्छन्। तिनीहरूलाई पनि कवि भन्ने ?

हो, तिनीहरू पनि कवि नै हुन्। तिनीहरूमा पनि भाव हुन्छन्। तिनीहरू पनि भावका निद्रित कुसुमहरूसित बोल्छन्। प्रकृतिका अद्भुत रचनामा तन्मय भएर बोल्छन्। तिनीहरूका यस्ता बोलीहरू कविता हुन्। शेक्सपियरले आफ्ना बाल्यकालमा अर्काका फाटकहरूमा, भित्ताहरूमा लेखेका कविता पनि कविता नै हो। यसर्थ हामीले काव्य रच्ने कविलाई मात्र कवि नभनेर फुटकर कविता रच्ने सज्जनलाई पनि कवि भन्नुपर्छ। काव्य रच्ने कविलाई उच्च स्तरमा राख्न सक्छौं अरूलाई निम्न स्तरमा। फुटकर कविता रच्ने सज्जनहरूलाई कवि नमान्नु हो भने—गुमानी, इन्दिरस र रघुनाथलाई के भन्नु ? तिनीहरूले काव्य नलेखेका भए तापनि कविता त रचेका छन्।

काव्य विषयमा भनिएको छ—

"धर्माधकामोक्षाणां वैचक्षण्यं कलासु च ।
प्रीति करोति कीर्त्ति च साधुकाव्य निबन्धम् ।।"

यसरी भामहले काव्यलाई धर्म, अर्थ, मोक्षका साधक औ कलामा 'निपुण्य उत्पन्न

गर्ने वस्तु तथा प्रीति र कीर्ति प्राप्त गर्ने वस्तु बनाएका छन् ।

पाश्चात्य कविसम्राट बोल्छन्—

'The poets eye in a fine frenzy rolling
Doth glance from heaven to earth, from earth to heaven;
And as imagination bodies forth
The forms of things unknown, the poets pen.
Turns them to shape, and gives to airy nothing:
A local habitation and a name.

श्री सोमनाथ शर्मा भन्नुहुन्छ—

"'काव्य' भनेको कुनै विषय अथवा कथानक लिएर मनोहर शैलीको सूत्रमा गुथिएका समूचित योगात्मक गुम्फन हो । काव्यका अङ्ग-प्रत्यङ्गहरूमा बचाउनु पर्ने दोष र समावेश गर्नुपर्ने सौन्दर्य औचित्य आदि जीवन तत्वहरूको विश्लेषण गरी सुहाउँदा शब्द र अर्थको सहयोग सहित योजना-सम्बन्धी समुचित सार्ग प्रदर्शन गर्ने शास्त्र साहित्य हो ।"

धार्मिक, आर्थिक, सामाजिक आदि विषयहरूमा कवि काव्य रचना गर्छन् । काव्य रसपूर्ण, भावपूर्ण र कलापूर्ण हुन्छ । काव्यलाई कवितामृत सरोवर भने हुन्छ । काव्यले जस्तै शुष्क हृदयमा पनि आनन्दको लहर नल्याई छोड़दैन । काव्य रचना गरी ख्यातिलब्ध हुन्छन् । कविले प्रसिद्धि लाभको निम्ति नै कविता लेख्छन् भन्नेको संख्या पनि थोरै छैन । तर मलाई यस कुरोमा शत् प्रतिशत् विश्वास लाग्दैन ।

साहित्य—

"सहितौ इत्यत्रापि यथायुक्ति स्वजातीयापेक्षया शब्दस्य शब्दान्तेरण वाच्यस्य वाच्यन्तेरण परस्परास्पर्द्धित्वलक्षणमेव विवक्षितम् ।"

यसरी कुतंकले वाच्यन्तरकोसाथ भएको मेल नै साहित्य हो भनी भनेका छन् ।

पाश्चात्य बुज्रुगहरूले यसो भनेका छन्—

"There is first the literature of knowledge,
and secondly the literature of power.
The function of the first to teach.
The function of the second is to move.
—*Dequiency.*

"Literature is full of perfumes"
—*Walt Whitman.*

साहित्यको अर्को व्युत्पति छ—

"संहितानां संयक्तनां हितसंहितानाम बा शास्त्राणां भाव: ।"

अर्थ—संयुक्त वा हितले युक्त भएका शास्त्रहरूको भाव 'साहित्य' हो ।

यो बीशौं शताब्दीको प्रगतिशील युगमा 'सत्यं शिवं सुन्दरम्' को जालीमा बेहेर साहित्यलाई सीमित ठान्नु उपयुक्त छ जस्तो मलाई लाग्दैन । आजको युग जिउँदै स्वर्ग पुग्ने युग हो । प्राचीन युगमा मृत्युपछिको स्वर्गसित सम्बन्ध भएको युग थियो । युग साहित्यसित दगुर्दैन तर साहित्य युगसित दगुर्छ औ दगुर्नु पनि पर्छ ।

अन्त्यमा—भाइ पत्रमा अङ्कित भएको सबै विषयलाई सत्य सम्झी त्यसलाई अनुकरण नगर । प्रथमतः तिमीले अध्ययन गर, निरीक्षण गर अनि जुन कुरो तिमीलाई सत्य लाग्छ त्यो अनुकरण गर अरूलाई नगर । 'सबै मानिसहरू योग्य हुँदैन' यो मनोविज्ञान सिद्ध छ । यसर्थ उपयुक्त साहित्यिक महात्माहरूको पनि भूल हुनसक्छन् । यहाँ थोरै छ तर धेरै बुझ्ने कोशिश गर ।

हेप्पी भेलीबाट आएको ठण्डा वतासले मुटुको धड़कन बढ़ाइरहेछ । घड़ीको काँटाले पनि दश हान्नु सात सेकेण्डमात्र बाँकी छ । तिम्रो मीठो पत्रको आशा राख्दै मेरो कलम रोक्दै छु ।

तिम्रो माया गर्ने दाज्यू,
दान

जान्छु भन्ने 'रजनी'-सँग

—श्री तारा गिरी
आसाम फोरेस्ट स्कूल
गौहटी ।

१

सक्तिन भन्न बिदाइ 'रजनी'
आँसू गहको म रोकी,
हेरूँ कसरि एक्लै उज्यालो
व्यथा मनमा म बोकी ।

२

चुम्यौ धरती जबता तिमीले
पन्छाएँ सारा संसार
देख्ला कसैले भन्ना खातिर
बन्द गरें सब द्वार ।

३

अम्लान उज्यालो राम्रो जगले
न बुझी मेरो मनको बात,
लाग्छ मलाई प्यारो तिम्रो
क्षणभरको यो मधुमय साथ ।

४

छैनकि तागत सूर मिलाई
जगती संगनै गाउने,
न हुँला लायक 'भिक्षा' भन्दै
हात पसारी आउने ।

५

इर्ष्या गर्लान देखे मेरो
बलिष्ट छाति विशाल,
निर्धोपनमा हाँसि देलान्
देखी मेरो दुःखमय हाल ।

६

कोमल काखमा सुतेर तिम्रो
मागि रहेछु यहि आधार
चिम्ली आँखा खोजी रहेछु
नव जीवनको बहार ।

७

सक्तिन भन्न बिदाइ 'रजनी'
आँसू गहको म रोकी,
हेरूँ कसरि एक्लै उज्यालो
व्यथा मनमा म बोकी ।।

तीन-पत्र

—श्री नरबहादुर दाहाल
कालिम्पोंग ।

(एउटा मराठी कथामा आधारित)

(१)

न्यू मार्केट
कालिम्पोङ
२५/४/६२

माननीय सुपरिन्टेण्डेण्ट साहाब,

आज अचानक स्वस्थ्य खराब भएको हुनाले काममा उपस्थित हुन असमर्थ भएँ — थकान र कमजोरीको कारणले गर्दा शरीर भारि भईरहेको छ — डाक्टरले तीन दिनसम्म विश्राम लिने सल्लाह दिनु भएको छ । यसकारण मलाई तीन दिनको आकस्मिक छुट्टि दिने कृपा गर्नु होला ।

तपाईंको विश्वासी,
नीलम प्रकाश थापा

(२)

न्यू मार्केट
कालिम्पोङ
२५/४/६२

माई डीयर जीवन,

सुपरिन्टेण्डेण्ट साहाबलाई शरीर अस्वस्थ्य भएको बहाना देखाएर तीन दिनको आकस्मिक छुट्टि लिएको छु । आज 'मीना' संग पिक्चर जाने प्रोग्राम छ । फुर्सद भएछ भने भोली बिहानै मेरो घरमा आइज'न! 'डेलो' तिर पिकनिक जाने प्रोग्राम बनाउँला— मीना, तँ र ममात्र । खाना घरैमा पकाएर लैजाँउला ! हुन त आज आपिसमा कामको चेपारो छ — मेरो छुट्टिको दरखास्त पढ़ेर निश्चय सुपरिन्टेन्डेण्ट साहाब रिसले आगो भए होलान् !

भोली निश्चय आइज लौ! पिकनिक बाट फर्केर भ्याइएछ भने सिनेमा पनि जाँउला— थाह छ ? सिनेमा 'जब प्यार किसि से होता है" हुँदैछ — कंचनमा !

तेरो माया गर्ने साथी,
नीलम

(३)

दुर्पिन डाँड़ा
कालिम्पोङ
२६/४/६२

अरे 'नीलू',

तेरो पत्र त पाएँ — लिफा खोलेर पत्र पढ़ने बित्तिकै आश्चर्य्यको सीमा रहेन! अरे पगला, तैंले कसलाई लेखेको पत्र मलाई पठाइस ? तैंले सुपरिन्टेनडेण्ट साहाबलाई छुट्टिको लागि लेखेको दरखास्त पो यो लिफामा छ त! कँही तैंले मलाई लेखेको पत्र सुपरिन्टेन्डेण्ट साहाबको लिफामा हालेर त पठाइनस ? भन्नु उसो होइन, तँ त साह्रै 'केरलेस' छस है! — त्यो मलाई लेखेको चिट्ठीमा कतै लेख्ने-नलेख्ने जम्मै कुराहरू त लेखेको थिइनस् होला नी! नत्र त्यो सबै पढ़ेर साहाब रिसले आगो हुनेछन् नी !

'मीना' र तेरो कस्तो चल्दैछ त……?

पत्रोत्तरको प्रतीक्षामा —
'जीवन'

पाठकहरू हो ! अब तपाईंहरूलाई थाह भयो? मेरो नोकरी किन गयो भनेर ! के तपाईंको जानकारीमा कतै 'भेकेन्सी' छ ?

●

रमिता

—श्री डम्बर भट्टराई

रमिता हेर्न
आँखा खोलें
रंगी बिरंगी
चरा चुरूङ्गी
तरू पल्लव पुष्प
र
हरियो भरियो
प्रकृति को काखमा
नव युगल प्रेमी जोडी
हातमा हात मिलाई
कदममा कदम मिलाई
हिंडी रहेको
मैले देखें ।

रमिता हेर्न
आँखा खोलें
शान्त सुरम्य
एकलो गाँउमा
भाले बास्दा
गाँवले उठी
फिका चियाले
पेट भरी
काँटा कोदालो काँधमा हाली
हलो जुवामा गोरु नारि
हाँस्दै, ठट्टा गर्दै
फिका चियाले पेट भर्दै
पसिना चुहाई, रगत बहाई

दिन भरी काम गरी
रातमा,
ढेंडो पकाई,
गुन्द्रुक उमाली
खाई सुतेको
मैले देखें ।

रमिता हेर्न
आँखा खोलें
हाहाकारमय
बाजारमा
पैसाले इज्जत किनेको
धनिले पैसा फुकि रहेको
गरीब एक पैसामा रोई रहेको
म अगि, तँ पछि
म ठूलो, तँ सानो
मेरा परिवार, मेरा रिस्ता
यो मेरो, यो तेरो
भन्दै दुनियाँ हाँसि रहेको
आफै पापमा फँसिरहेको
मैले देखें ।

रमिता हेर्न
आँखा खोलें
रंगी विरंगी
'फेशन' मा
आफ्नो दैनिक खर्च बढ़ाई
'लाली' 'लिपिस्टीक' पाउडर लगाई

मिरा झै लामो केशलाई
कैंची ले छोटो बनाई
उता युवकहरू,
कोट, पेंट सुट लगाई
'टाई' ले घाँटीमा पासो लगाई
युवतीहरू पत्लुन लगाई
आफ्नो भाषा पर लत्याई
अंग्रेजी लाई भाषा बनाई
नेपालीले भाषा भुलेको
मैले देखें ।

रमिता हेर्न
आँखा खोलें
रंगी चंगी
होटल भित्र
युवक युवतीहरू
मदिरा पिउँदै
क्षणिक प्रेम भर्दै
मादल, डम्फु को राग भुली
'ओरकेस्ट्रा'-मा तान मिलाई
झ्याउरे लयलाई पर फाली
मारूनी नाच भुली
अंग्रेजी गीत, गाई
'फक्सट्रोट', 'बलडान्स'
रम्भा सम्भा
नाँचदै गरेको
मैले देखें ।

प्रेम र विश्वास

—श्री जयवर्द्धन धमाला
"परदेशी", दार्जीलिङ ।

जीवन, रिङ्क सिनेमा हलमा गई उभिएको प्रायः एक घण्टा भइसक्यो । दार्जीलिङका प्रायः अधिकतर छात्र-छात्रा त्यहाँ आए, घुमे औ गए तर उषालाई चाँहि उसले देखेन । सारस झैं चित्रो तन्काइ तन्काइ तरुणीहरूको झुण्डमा उ आँखा डुलाउँछ कोही आँखा जुधाउँछन्, कोही मुण्टो बटार्छन् औ परीचिताहरू मुस्कुराउँछन् तर उसलाई त्यो सब नीरस लागिरहेछ। बिस्तारै केटीहरूको ताँत सकियो। सिनेमा हेर्नेहरू भित्र पसे, नहेर्नेहरू घर फर्के। कहींबाट पनि उषाको आउने छाँट नदेखी दुइ टिकट च्यार्रर चात्यो। सबैले उसलाई राम्ररी हेर्दै थिए उ एकातिर बत्तियो ।

ठक् .. ठक् ... ठक् ... ठक् ढोकाबाट आवाज आयो।

"को हो, नि?" आमाले चुल्हैबाट सोधिन्।

"म उषा—आमा !"

"ए नानी ! आऊन आऊ, भित्रै आऊ" दुवै जीवनको कोठातिर लागे ।

"जीवन दाज्यू कहाँ जानु भो ?" उषाले सोधी ।

"खोइ कोनि, तिम्रो दाज्यू काँ जान्छ काँ ! केही भन्दैन पनि । कामको तलाश गर्छु भन्छ, पाउँने चाहिँ होइन। उही ठूलाठालूहरूलाई खुवाउन सकियो भने त हो नि। हिजाजको...... ।"

"अबेर गर्नुहुन्छ होला !" बीचमै कुरा काटेर उषाले सोधी ।

"आउने बेला त भयो । कोठामै बस्तै गरन; त्यहाँ पत्रिकाहरू होला, हेर्दै गर। म चिया लिएर आइहाल्छु ।"

उषाले त्यहाँ सजाएका जम्मै पुस्तक पुस्तिकाहरू राम्ररी हेरी औ तकियामाथिको कहानी-संग्रह निकाली । एकपल्ट सरररर पाताहरू पल्टाएर प्रत्येकको शीर्षक हेरी औ बीच बीचमा के पढ्दै थिई । यत्तिकैमा आमा 'ट्रे' मा चिया लिएर आइपुगिन् । आमा भान्सा कोठा तिर लागिन् उषा कहानी संग्रहको एउटा कथा पढ्नमा लीन भई ...

* * *

रेल यात्रा साह्रै नराम्रो हुन्छ । यात्रा संगसंगै कामको तलाश, किशोरावस्थादेखिको मधेस हेर्ने औ डुल्ने इच्छा पूर्तिको उपायहरू सोच्न लागें । यात्रा गर्नु नै रुपिया उड़ाउनु हो । त्यसरी उड़ाउने रुपियाँ कहाँबाट जुटाउने । सोच्दै के थिएँ झल्यास्स याद आयो—उषा !

मनमा अनेक तर्क वितर्क गर्दै उषाको घर पुगें। उषाका पिताजी सरकारी कामधन्धा लिई कलकत्ता जानु भएको, फिरेका थिएनन् । उषालाई घरैमा भेटें । सँधै गइरहने हुनाले कसैले पनि उति याद गरेनन् । उसंग निकै लामो वार्त्तालाप भयो । चियापानी भइसकेपछि मैले उसलाई असजिलो ढंगले अनुरोध गरें—"तिमी नरिसाउ ल उषा । मलाई एक हजार रुपियाको नितान्त आवश्यकता परेको छ । सायद यो प्रश्न

उठाउने नै थिइनँ यदि तिमी सिवाय मेरो अरू पनि कोही विश्वमा हुँदो हो ता। तिमी झैं म पनि एक अमीरको पुत्र भएको भए मेरो यस्तो वाध्य फुट्ने थिएन तर तिमी बुझ्छ्यौ मैले मेरो भविष्य सुधारको लागि-मात्र होइन तर तिम्रो र मेरो......।"

"आ ... तपाईं त त्यति सानो कुरोमा यति लामो वक्तव्य वृथा सुनाउँनुहुन्छ। छँदैछु त, तर रुपिया किन चाहियो ?" उषाले बीचमैं कुरा काटेर आशा देखाई।

"कामको तलासमा मधेस जाने अठोट गरेको छु।"

"कहिले ?"

"भोली नै।"

"तर म यति चाँडै तयार हुन नसकुँली, बुबा पनि आउनु भा छैन।"

"तिमी अहिले नगए पनि हुन्छ नि। म पहिला जान्छु, नौकरीको व्यवस्था गर्छु, त्यसपछि तिमीलाई लिन आउँला। बेकारी हुनु नै सामाजिक आँखाको छारो हुनु रहेछ। दार्जीलिङ्मा तिमी सिवाय मेरो के छ ! मेरो निम्ति स्थानसम्म छैन। परिस्थितिले घोक्राएपछि हुर्रिनु नै पर्‍यो। कसो भन्छ्यौ ? लौ ?"

"हुन्छ नि त... .." उषाले असन्तुष्ट भावले उत्तर दिई।

त्यो रातभर निद्रा लागेन। सँधैंको भन्दा आफूलाई केही चञ्चल पाएँ, हर्ष अमर्षले सीमा नाघ्यो। भविष्यको सुख कहानी सम्झन लागें। भोली म रेल यात्रा गर्दै गरेको हुन्छु, कहाँ पुग्छु, के गर्छु, सम्झदा सम्झदै निदाएछु।

भोलीपल्ट बिहानै उठी तयार भई उषाको घरतर्फ लागें। उ पनि तयारी भई। दुवै गफ गर्दै स्टेशन आइपुग्यौं। उषाले हातमा झुण्ड्याएको सुटकेश राख्दै भनी—"टिकट लिइहाल्नुहोस्।"

पहिलो दर्जाको एउटा टिकट लिएँ अनि उसलाई पुलुक्क हेरें— उसका आँखामा मोतीका दाना झैं आँसुको थोपा टलपलाइरहेको "उषा ! छिः तिमी त ! म चाँडै नै फर्केर आउनेछु त। किन तिम्रो आँखामा यसरी आँसु छल्किन्छ ? के बिदामा यो तिम्रो आँखामा टलपलाइरहेको आँसुले बाधा नदेला ? यात्रा सुगम होला ? आखिर मरेको त होइन।"

"स्मृति-स्वरूप दुइ थोपा आँसु खसा क्षमा चाहन्छु तर पुरुषहरू निष्ठूर हुन्छन्। सूर्य र चन्द्र एक हुन सक्तैन। दुर्बलले नै बलको महत्व बेसी बुझ्छ। यो तपाईंको पाषाण-हृदयले मेरो कोमल नारी हृदय बुझ्दैन। म कसरी बुझाउँ। यदि तपाईं एक नारी हुनु भएको भए मेरो हृदय स्वयं बुझ्नु हुन्थ्यो। याद गर्नुहोला, सायद तपाईं परदेशबाट फर्केर आउनु भएन भने समाजले मलाई तुच्छ संझनेछ, घृणा गर्नेछ, हास्यपात्रा हुनेछु। परदेशमा पुगेर पनि उषा चाँडै आमा हुनेछ भन्ने नबिर्सिनु होस्, यही बिन्ति छ।"

"उषा ! यो तिम्रो मादक औ चञ्चल नयनमा यसरी आँसु भरिएको मलाइ राम्रो लाग्दैन। यसले यात्रा पनि सुगम हुँदैन। तिमी त्यति गहन विचार नगर, नसोच। यो त तिम्रो र मेरो भविष्य उज्जवल गराउने शुभ-यात्रा हो। किन हतास हुन्छ्यौ।"

तू .... तूत सिटी बज्यो। टङ्ग..... टङ्ग...टङ्ग... घण्टी पनि सुनियो। मैले उसको

दुवै हात समातेर भनें—"उषा! विदा !! नमस्ते!" उषाले जीवनमा पहिलोपल्ट नमस्ते गरी। म रेलमा चढें, रेल विस्तारै चल्न थाल्यो। उ प्लेटफर्मबाट मायालु आँखाले हेरिरहेकी थिई। बिस्तारै त्यो सजल नेत्र मेरो दृष्टिबाट ओझेल भयो। "उषा!" अनायासै मेरो मुखबाट एक शब्द निस्क्यो। "......" तर उसले सुनिन, प्रत्युत्तरमा यात्रीहरू गललल हाँसे। त्यो शब्द त्यसै हावामा वीलिन भए झैं लाग्यो। गाड़ीको रफ्तार बढ्यो। घूम, सोनादा, टुङ, खरसाङ हुँदै सिलीगुड़ी आइ रेल टक्क अड़ियो। दार्जीलिङ-को प्लेटफर्ममा डुल्दै गरेको मनलाई 'गरम चाय' भन्ने शब्दले झस्कायो। सबै उत्रिसके-छन्; म मात्र के जस्तो बसिरहेको रहेछु, उत्रिएँ।

सिलीगुड़ीको न्यू सिनेमा हलमा 'जब प्यार किसीसे होता है' चल्दैरहेछ। त्यही हेरेर बेलुकी जलपाईगुड़ीको रेलमा चढ़ें। रेलले आफ्नो बाटो लियो। जलपाईगुड़ी कहिले पुगिन्छ, कस्तो छ होला। विशेष गरी जाड़ो महिनामा दार्जीलिंगेहरू यहीं आउँछन्, सायद ठूलो शहर छ होला ... इत्यादि सोच्दै थिएँ रेलले आफ्नो रफ्तार बढ़ायो। म अखबार लिई बसें।

"दादू! काँबाटो आउँछ ?" अघिल्लो सीटमा बसेकी एक अनेपाली स्त्रीले जिज्ञासा गरी।

"दार्जीलिङबाट" छोटो उत्तर दिएँ।

"काँ जान्छ ?"

"कुनै नौकरीको खोजमा हिंड़ेको, जहाँ पुगिन्छ।"

"ए आजु जलपाईमेही बोस्छो कि ?"

"ज्यू, त्यसपछि भोली सिलीगुड़ी फर्कन्छु, कलकत्ता जाने विचार छ।"

"जलपाईमा 'नीलिमा' सिवाय अरू हुटेलमा ना बस्नु छ। रातमा पनि वेसी घुम्नुहुँदैन। जलपाईको ठाउँ छ, हुशियार हुनुपोर्छ।"

"ओ......।"

"तपाईंको पेपर देख्न सक्छु ?"

"लिनोस्न" पेपर दिंदै मैले भनें।

यसरीनै समय बिताउन र बाटो काटन हामी गफमा तल्लीन भयौं। मैले सोधें—"तपाईंको शुभ नाउँ ?"

"विनायिका।"

"आहः साह्रै प्यारो नाउँ रहेछ।"

उ लाजले मुस्काई। रोमाञ्चकारी कुराहरू गरेको "बाँदरलाई लिस्नो" लाइदिए झैं भएछ, म त सुन्दै ठिक। उसको कुरा-हरूले जलपाई आइपुगेको पनि थाहै पाइएन। दार्जीलिङलाई चाहिं तिहारको रंगले अझ छाड़ेको थिएन, जलपाई त कस्तो उजाड़ ठाउँ रहेछ, नीरस। आखिर मानिसहरू सिवाय त्यहाँ के थियो र! गरम लाग्दै थियो, रेल थामिने बित्तिकै बिनायिकाले 'लिनुहोस् पेपर' भनी अखबार फर्काइदिई।

"हामी कल घुम्न आउँछौ तपाइँको होटलतिरो। बेसी नाघुम्नोस्, रातमें बेसी घुम्नेले सर्दी जुकाम हुन्छो अच्छा, दादू! गुट नाइट..." यति भनी एउटा रिक्सामा चढ़ेकी बिनायिका जन...घन...बनमा विलुप्त भई। म सरासर 'नीलिमा' होटलमा पुगें। रात त्यही बिताएँ अपरीचिताको गुण गाउँदै।

*   *   *

भोलीपल्ट छट-पूजा परेको हुनाले सबै करला नदी माथिको लिंगे पुलमा थुप्रिए। दार्जीलिङमा छट-पूजा उस्तो नमाने ता पनि मधेसमा बिहारीहरूले नदीको किनारमा धुम-धामले मनाउँछन्। यो जमघटले आकर्षित भई म पनि उही पुलमा पुगें। पुलको एकैपट्टि मात्र थुप्रिएर खतरनाक भई पुल ढल्किसकेको थियो। मानिसहरू अरू थपिन छाड़ेका थिएनन्। कसो कसो गर्दा एकापट्टि बेसी भार भएर अथवा कनाहा भई पुल पर्लक्क पल्टियो। नाङ्लोबाट पानीमा चामल खन्याए झैं मानिस-हरू त्यो नील गहन नदीमा पोखिए। चार-दिशा राम! राम!! शब्दले गुञ्जियो। कोही पुलमै समात्नेहरू काँक्रा फले झैं झुण्डिरहेका थिए। कोही ढाड़िए, कोही चित्कार गर्दै थिए। म पनि बीचमै परेको हुनाले दाउराको बीटा झैं अरूसँगै माझ नदीमा माछा टिप्ला जतिकै डुबेछु। एकपल्ट पानीको उभयचापले जल-समतलतिर उछाट्दा एकपल्ट पुनः जलपाई हेर्ने सौभाग्य मिल्यो—कोही पौड़दै थिए, कोही हात हल्लाउँदै, देवीले दर्शन दिए झैं कोही पानीबाट पुलुक पुलुक निस्किन्थे, कोही चेउ झैं त कोही पानीको फोका सरी निस्कने र डुब्ने। स्त्री पुरुष एकै ठाउँमा साँधिए, गलाको झोलाको पत्तो भएन। लुगा निथ्रुक्क भिज्यो, पानीमा पौड़ँदा पौड़ँदा असहाय भई थाकेर पुलुक्क किनारमा मात्र के हेरेको थिएँ, छेउ मैं हावा भरिएको ट्यूब बग्दै रहेछ, समातें।

बगरमा पुगेको मात्र के थिएँ ट्यूब दिनुस् भनी कसैले भन्यो। उ एक युवती थिई। प्रत्युत्तरमा मैले भनें—

"धन्यवाद—उषा!"

"म उषा होइन, बिनायिका।"—उसले भनी।

राम्ररी होश सम्हालेर हेरें—उही रेल-मा भेट भएकी बिनायिका।

"धन्यबाद बिनायिका।"

"कपड़ा त सपै भिजेछ, आउनुस् रिक्सा-मा बस्नुस्।"

"किन ?"—मैले सोधें

"के यही बस्नोहुन्छो त बगरमा, कपड़ा चेञ्ज नागर्ने ? मो पनि त 'नीलिमा' होटल जान्छो, उहीं बसेको छो, आउनुस्।"

"ए मेरो झोला!"

"उ क्या त रिक्सामा हालिदिएको छ।"

"कहाँ पाउनु भो ?"

"तपाईं र मो त एकै साथमा उभेको थियो नि सायद तोपाईंले मलाई देख्नुभाको थिएन। कल पनि यै झोला तोपाईंकोमाथ्यो। चिनेर मैले केटालाई टिप्नु लायो।"

"धन्यबाद!" रिक्सा हिड्यो। एक पराय जातसँग यसरी बजार बीचबाट जाँदा जुत्ताको असिना वर्षेला झैं लाग्यो। डराउँदै होटल पुगें। युवतीले मलाई सरासर एउटा कोठामा लगी। त्यहाँ एउटा तस्वीर थियो। तस्वीर उही युवतीको तर त्यहाँ "नीलिमा" लेखिएको थियो। युवतीले किन नाउँ ढाँटेर मलाई त्यहाँ ल्याई, बड़ो खेद लाग्यो। मलाई त्यसरी ल्याउनुको अवश्य केही तात्पर्य छ। नत्र जानी नजानी किन नेपाली बोलेकी? फेरि सोचें ठीकै पनि त छ, सित्थैंमा होटलको मालिक हुन सके अरू के चाहियो र! एकपल्ट त मृत्युकै मुखबाट पनि बचाई। मेरो निम्ति उसैले सर्वस्व त्याग्छे भने म किन मौकाबादी नबन्ने। उषा-सुषालाई झाडू लाउन म जस्तो एक पुरुषलाई के ठूलो कुरो हो? उषाको

आकर्षणले मलाई तानिराख्यो म कति दुर्बल र मूर्खरहेछु। उसले भनेकी थिई—"पुरुषहरू निष्ठूर हुन्छन्" सो साँचो हो, मानिसले आफ्नो अस्तित्वको लागि के गर्न हिच्किचाउँदैन र? उषाको झैं प्यार के म "नीलिमा"-बाट पाउँदिन र! त्यो भन्दा अझ गहन पाउँछु......।" सोचिरहेको थिएँ नोकरले 'ट्रे'-मा चिया ल्याएर भन्यो, "सर! चिया!"

"किन दुइ कप?" मैले सोधें।

"उहाँ आउँनुहुन्छ।" उत्तर संगसंगै उ भित्र पसी।

"महोदया! म तपाईंको सेवाले सदा ऋणी रहने छु।"

"छि: छि: मोइले के सेवा गर्नसकेको छ र" कुर्सी तानेर छेउमै बस्तै उसले भनी—"सेवा त गरदोई जाउँला कल परसुँ। अहिले मोइले के गर्न सकेको छ, वैसे हि मोलाई लज्जित नपार्नुस्, चिया लिनोस् ठण्डा हुन्छो।"

बेलुकी उ पनि यहीं बस्ने भई। रात गहिरिसकेको थियो, चारैतिरको कोलाहल शान्त हुँदै गयो।

आठ बजेको हुँदो हो उ सरासर मेरो कोठामा पसी अनि छेउको कुर्सी तानेर बसी! सुनसान वातावरणलाई भंग गर्दै उसले सोधी हाली,—"तोपाईंले त आफ्नु नाम बोतानुभएन?"

"परदेशी बाबू"—छोटो उत्तर दिएँ।

"यो मेरोइ होटल हो उसले मुसुक्क हाँसेर भनी। नीलिमा पनि मेरोइ नाँउ हो, यो तकियाको मेरोइ फोटो हो। तोपाइं "नीलिमा" होटलमा नआउला भनी कल मोइले नाइँ ढाँटेकोमा क्षमा चाहन्छु।"

"अँ, कामको कुरा, मोलाई एकठु नेपाली क्लर्क चोइएको छ। के तोपाईंलाई बिन्ति टक्राउन सक्छो? बिस्तारोइ मेनेजरको पोस्टमा पनि लाउन प्रयत्न गर्नेछो, त्यसपछि तो ......।"

"के?......ओनर?" मैले बीचमैं कुरा काटेर भनें।

उ मुसुक्क मुस्काई। त्यो मुस्कुराहटमा उसको यौवन छल्केको बुझिन्थ्यो। गालामा लाली चढ्यो, हठात् सौंन्दर्य अझ बढ्यो, मृगका झैं चञ्चल नयनले केही भन्न चाहेको झैं मलाई लाग्यो। युवती नराम्री पनि होइन, प्रर्याप्त सौंन्दर्य उसमा छ, चञ्चल नयन कति मनाकर्षक औ मादक। यौवन छ, जोश छ, उमंग छ, युवतीमा हुनु पर्ने पर्याप्त गुण उसमा छ। म पनि क्लर्क, मेनेजर तथा ओनर कुनै कुरोमा कम छैन, नाइ नभन्नु पर्ला......।" संझदै थिएँ रातले डरलाग्दो रूप लियो, निस्तब्धता छायो।

भोलीपल्ट बिहानको कुरो हो, एउटा बोतल दिदै उसले भनी—"यो 'टनिक' लिनुस्, यसले शरीरको दुर्बल्य हटाँउछ।" हात मुख धोई सो "हेल्थ-टानिक" पिएँ। खुबै आनन्द लाग्यो। त्यसपछि चियाको व्यवस्था भयो। उसको एउटा हलका 'स्टाण्डर्ड' गाड़ी रहेछ। उसले यसो गाउँ-बस्ती घुम्न जाने अनुरोध गरी। हामी त्यही गाड़ीमा सैयर गर्न निस्क्यौं। गाड़ी उसैले चलाई। नीलिमा-को रोमाञ्चकारी कुरा उसमाथि 'स्टाण्डर्ड'-को आनन्ददायी सीटको नचाईमा विभोर भई, उसैको काखमा लोटें। यस्तो शौक छाड़ेर म उषासंग किन भुत्तिनु भन्दै अनेकन कुराहरू खेलाउँदै म मुसुक्क निदाएँ दिउँसोको घामले।

निकैबेर पश्चात् साह्रै जाड़ो लाग्यो। झमक्क साँझ पर्न लागेको रहेछ; शरीर एक तमाशले दुख्यो, म उठन सकिन। तू... तूत्... घलस्याक... स्याक... स्याक.. रेलको सिटीले झस्कायो। विवेक बटुलेर सोचें, आँखा चिम चिम गर्दै हेरें—मेरो हात खुट्टा रेल लाइनमा बाँधिएको रहेछ। रेल नजिकै आइपुगेको बुझियो। अकस्मात् शरीर पसिनाले भिज्यो, जाड़ो हरायो। कोटमा उषालाई ढाँटी ल्याएको दुइ हजार रुपिया थियो सो कोटै छैन। बन्धनबाट फुस्कनलाई अनेक प्रयत्न गरें तर सकिन। सम्झें— अहिले तपाईंको सेवा गर्न सकेको छुइनँ, गर्दै जाउँला ...... यो टनिक लिनुस्, यसले शरीर-को दुर्बल्य हराउँछ ...... "नीलिमा"-ले भनेकी यो वाक्य घरि घरि कर्णकुहरमा गुञ्जिए झैं लाग्यो। होश खुल्यो, वेश्याको फन्दामा परेंछु, दाँत किटें अरू के गर्न सक्थें र! उसले आफ्नो काम बनाइहाली। रेल निकै नजिक आइपुग्यो। उषालाई सम्झें—"उषा! मलाई तिम्रो पाप लाग्यो।" फेरि कराएर भनें "म अन्त्यमा तिमीलाई पुकारेर मर्दैछु तर तिमीले सुनिनौ। मेरो अन्तिम समाचार यही छ तिमीलाई—म स्वर्गमा पर्खेको हूँला— ...... उषा! उषा!!"

"जीवन"—दूर कँही मेरो नाउँ पुकारेको सुनियो। एक फलाँगको दुरीबाट सत्यताकी मूर्ति उषा पसिनै पसिना भई रेल लाइनै लाइन मतिर दगुरेकी देखें।

"उषा ......! उषा ......!!"

"जी...व...न" एक अर्कालाई के पुकार्दै थियौं तू... तू... रेलको सिटीले पुनः बाधा दियो। उ नजिकै आइपुगी। बाँच्न असम्भव भएता पनि उषालाई देखेर साह्रै खुशी लाग्यो।

"तिमी कहाँबाट आइपुग्यौ?" सोधें तर अफसोस जवाबै नदिई उसले बन्धन खोल्न लागी।

"स्वाँ... स्वाँ..." ठूलो स्वास फेर्दै उसले भनी, "दार्जीलिङ्देखि नै तपाईंलाई अनुसरण गरिरहेकी छु, यहाँ जलपाई-मा आई तपाईं वेपत्ता हुनु भयो। त्यो 'स्टाण्डर्ड' गाड़ीमा तपाईंलाई देखी पछि पछि आएकी, गाड़ीसित खुट्टाको जोर कहिले चल्थ्यो ...?" बल्ल बल्ल एउटा हात फुस्काई लाइनबाट। दुवैको स्वाँ स्वाँ श्वास-प्रश्वास क्रिया भइरहेछ। बाटोमा कहाँ लड़ेर खुट्टा काटिएको रहेछ, उसको त्यो कलिलो कुर्कुच्चा-बाट रक्तधारा बहिरहेथ्यो। साड़ी पनि एकापट्टि स्याँट्ठ फाटिएको मानो कोही चोरले उसलाई खेदेको थियो।

'तू... तू' रेल एकदमै छेउमा आइपुग्यो। "उषा!" म चिच्याँए। तिमी छेउ लाग, मरे मैमात्र मरूँला, छेउ लाग, उषा! छेउ लाग, रेल आइपुग्यो!" उ बन्धन खोल्नमा व्यस्त, छेउ लाग्दीन। एउटा मात्र खुलिएको हातले रेलबाट बचाउनलाई उषालाई धोक्राइदिएँ।

"उषा! तिमी किन सुन्दिनौ?" कराएँ चिच्याएँ। तर उ पुनः उठेर बन्धन खोल्न लागी हतार हतार स्वाँ स्वाँ हुँदै।

"तू... तू..." रेलले हामीलाई देखी बारबार सिटी लाउन थाल्यो।

"उषा...।"

तू... तू... घलस्याक् स्याक, घलस्याक स्याक"... रेल आयो।

"उ... षा...।"

"जी ... व ... न।" रेल लाइनमै मलाई छोड़ हाली।

"उ ..." पुकार्न के लागेको थिएँ, घल्ल्याक ह्याक, घल्ल्याक ह्याकले छोपे झैँ लाग्यो "... षा!" अन्तिम पुकार यही भयो।

"जी ......।"

*　　*　　*

"जीवन ...।" उषा साँच्चै कहालिई।

"के भयो नानी?" भान्सा घरबाट आश्चर्य चकित स्वरमा आमाले सोधिन।

"ए...। दाज्यूले कस्तो कहानी लेखेको!" कहानी संग्रह राख्दै उषाले भनी। जीवन एक क्षणपछि ढोकामा पुग्यो। उषा कोठामा बसीरहेकी थिई। उ पुग्ने बित्तिकै एउटा सानो कागजको टुक्रा दिएर उषा हिँड़ी। हत्त न पत्त चिट्ठी खोल्यो—

जीवन!

हेमन्तसगँ मेरो विवाहको तय भईगयो। हाम्रो प्रेम र विश्वासको सीमा यति नै भयो; समाजको भय नभए पनि माता-पिताको करमा परेँ। मलाई भुल्ने चेष्टा गर्नुहोस्। अन्तिम बिदा—

"उषा"

'विद्यार्थी जीवनको स्वर्णिम याद'

आगामी अंकदेखि कुमुदिनी-परिवारले एउटा नयाँ स्तम्भ 'विद्यार्थी जीवनको स्वर्णिम याद' राख्ने भएको छ यस स्तम्भमा कुमुदिनी होम्सका भूतपूर्व छात्रहरूले आफ्ना विद्यार्थी जीवनका स्मरणीय-शिक्षाप्रद घटनाहरू लेखि पठाउनु होला—२५० शब्द भित्रमा लेखिएको यो घटना शिक्षाप्रद र विद्यार्थी जीवनसंग सम्बन्धित हुनु पर्छ! सर्वश्रेष्ठ घटनालाई पुरष्कार प्रदान गरिने छ।

—प्रधान सम्पादक

हामी र हाम्रा समस्याहरू

(भर्खरै स्कूलबाट विदा लिएका तथा उच्चशिक्षाका निम्ति अन्यत्र विद्या अध्ययन गरिरहेका कुमुदिनी परिवारका सदस्यहरूले शिक्षा सम्बन्धी आफ्ना समस्याहरू लेखिपठाउनु होला । —प्रधान सम्पादक)

(१)

सम्पादकज्यू,

यस वर्ष मैले 'हायर सेकण्डरी फाइनल' दिएँ। नेपाली पाठ्य पुस्तक 'भयालबाट'-को अभावले मेरो नेपाली पेपर घत लाग्दो भएन! 'हिमालचुलि' चाँहि हामीलाई चाहिने जति जम्मै मैले खातामा सारेको थिएँ! पछि आउने विद्यार्थीहरूले के गरेर पढ़छन्—यो एउटा विचारणीय समस्या छ। पुस्तक प्राप्य छैन भनेर मात्र त भएन—नेपाली भाषालाई स्वभाषाको रूपमा लिने विद्यार्थीहरूको भावी जीवनको उत्तरदायित्व कसले लिने ... ?

—तपाईंको,
रामलाल, कालिम्पोङ ।

(२)

सम्पादक महोदय,

मेरा बाबुले मलाई दश-नंग्रि खियाएर एग्वारौं कक्षासम्म पढ़ाए—यसपाला म फाइनल दिएर बसेको छु। घरकै छेउमा स्कूल थियो, घरकै खाएर पढ़थें! यसो हुँदा बाबुको थाप्लामा दुःखै गरेर भए पनि वहन गर्न सक्ने अभिभारा थियो। तर यो अधकल्चे पढ़ाईले भएन। पास भएँ भने म अझ पढ़न चाहन्छु तर थ्री इयर्स डिग्री कालेज कालिम्पोङमा छैन—दार्जीलिङ जानु पर्छ! होस्टेल तथा अन्यत्र राखेर पढ़ाउने बाबुको हबिगत छैन। 'भीरको चिण्डो उँधो न उँभो' भइरहेछु।

भवदीय,
कुमुदिनी परिवारको एउटा सदस्य,
कालिम्पोङ ।

(३)

सम्पादक महोदय,

यसपालाको हायर सेकण्डरी फाइनल परीक्षाको नेपाली प्रश्न-पत्रले मलाई 'तोरीको फूल' देखायो। मेरो नेपाली भाषाको स्तर नराम्रो हो कि नेपाली प्रश्न-पत्र बनाउनेले आफ्नो नेपाली भाषाको स्तर ज्यादै माथि पुऱ्याएको हो—मैले अझ बुझ्न सकेको छैन! भाषाको विकाश विद्यार्थीहरूको प्रश्न-पत्र कड़ा बनाउँदैमा मात्र त हुँदैन कि!

—तपाईंको शुभचिन्तक,
हर्क परियार,
कालिम्पोङ ।

हाम्रो कदम बढ़िरहेछ

(चारैतिर छरिएर बसेका 'कुमुदिनी परिवार'-का सदस्यहरू कुनै क्षेत्रमा पनि कम छैनन्। दार्जीलिङ जिल्लाका प्रत्येक सामाजिक, साहित्यिक, सांस्कृतिक काममा हाम्रा सदस्यहरूले सक्रिय भाग लिईरहेका छन्— कुनै पनि खेल-कुदमा कोही भन्दा कम छैनन्। स्कूलको गौरवलाई अमिट राख्ने यी जम्मै सदस्यवर्गलाई "कुमुदिनी परिवार" बधाइ चढ़ाउँदै मई १९६१ देखि मई १९६२ सम्म तिनीहरूले भाग लिएका विभिन्न विषयहरूको रूपरेखा यहाँ प्रस्तुत गर्दैछ।

यस स्तम्भमा प्रकाशनार्थ 'कुमुदिनी-परिवार'-का सदस्यहरूले आगामी अंकको निम्ति, आफूले तथा आफ्नो साथीहरूले भाग लिएका कार्य्यक्रमहरूको विषयमा लेखी पठाउनु होला।

—प्रधान सम्पादक)

(१) कालिम्पोङमा भएको विराट भानु जयन्ति समारोह समितिमा श्री नरबहादुर दाहाल मूल-मन्त्रीको रूपमा हुनु हुन्थ्यो। उप-मन्त्रीको रूपमा श्री कृष्णबहादुर प्रधान र श्री भानु कुमार प्रधान थिए। श्री आइ० बी० सुब्बा र श्री भरत थापाले सक्रिय सदस्यको रूपमा कार्य्य गर्नु भयो। यही समारोहको उपलक्षमा आयोजित चित्रकला प्रदर्शनीमा श्री आई० बी० सुब्बा र श्री हरिकुमार प्रधानले पनि भाग लिएका थिए—दुवैका चित्रहरूले दर्शकबृन्दको प्रशंसा प्राप्त गर्‍यो।

(२) सन्त जोसेफ कलेज दार्जीलिङद्वारा आयोजित कार्य्यक्रम अनुसार २३-९-६१ का दिन श्री कृष्णबहादुर प्रधानले भोटिया बस्ती दार्जीलिङमा तिब्बतीय शरणार्थीहरूका सेवामा धेरै सहयोग गरे।

(३) दार्जीलिङ गभर्मेण्ट कलेजमा यस-पाला सामाजिक र सांस्कृतिक विभागमा उप-मन्त्री श्री गोपाल मणि प्रधान चुनिनु भएको छ।

(४) टेबल टेनिस चेम्पियन प्रतियोगिता-मा भुवन कुमार प्रधान, गभर्मेण्ट कलेज 'ब्लू होल्डर' (Blue Holder) घोषित हुनु भयो।

(५) श्री अजय कुमार गुरुङले गभर्मेण्ट कलेजमा 'भलिबल चेम्पियन'-को रूपमा ख्याति-प्राप्त गर्नु भएको छ।

(६) दार्जीलिङ सन्त जोसेफ कलेजको फ्रेजर हलमा तारीख २-९-६१ को दिन भएको तर्क-सभामा 'वक्ता लेखक भन्दा अधिक शक्ति सम्पन्न हुन्छ'। भनी पुष्टि गर्ने श्री के० पी० राई त्यस दिनका सर्वश्रेष्ठ बक्ताको रूपमा चुनिनु भयो।

(७) तारीख १-१०-६१ को दिन शिक्षा प्रचारिणी समिति दार्जीलिङद्वारा आयोजित गभर्मेण्ट कलेज दार्जीलिङ र सन्त जोसेफ कलेज दार्जीलिङको बीचमा भएको तर्क सभा-मा सफल तार्किकको रूपमा सन्त जोसेफ कलेजतर्फबाट श्री के० पी० राई र श्री मदन कुमार छेत्रीले भाग लिनु भएको थियो।

(८) सयपत्री पुस्तकालय कालिम्पोङमा श्री नरबहादुर दाहाल र श्री जे० डो० मुखिया—सल्लाहकार, श्री हर्क परियार—मन्त्री र श्री रामलाल सक्रिय सदस्यको रूपमा काम गरिरहेका छन्।

लक्ष्मीपूजाको तीन दिन

—श्री लक्ष्मी प्रसाद शर्मा
बर्मेक, प० सिक्किम ।

"हल्लो……शर्माजी, क्याम्पबाट कहिले आइपुग्नु भयो ?" लक्ष्मीपूजाको वेलुकी 'नेपाली क्युरियो हाउस'-को छेउमा अचानक कान्ताले प्रश्न गरिन् । "ज्यू तपाईंहरूका अनुग्रहले पर्वत रानीलाई संझदै आज तीन बजे यहाँ आइपुगें" मैले छोटो उत्तर दिएँ । यहाँ हामी-ले उति बेर नगरी अघि बढ्यौं । चौरस्ता उति असल नभएता पनि महत्व दिइएको हुनाले हामी केहीबेर बसी लुरुलुरु फिर्यौं । चौरस्ताबाट भन्दा पनि दरोगा बजारबाट पटेकाको डङ…डङ…आवाज औधिमात्रामा आइरहेथ्यो । हिन्दूहरूको महान् चाड़—दिपावलीलाई—रमाइलो पार्ने यही एउटा पटेका छ ।

भोलिपल्ट हाम्रो मध्याह्न सैर भयो 'मेटिनी शो' भ्याउने विचारले । 'क्यान' र म यो बाटो पैदल विरलै हिँड्थ्यौं तर आज अति क्लान्त भएता पनि घाममा हिँड्न मन परायौं । बाटामा मटरको 'घुनुनुनु सुंइइय' आवाजले कलकत्ताको घटट……टङटङ, पेंकपेंक, टिङ टिङ, इत्यादिको पुनरास्मृति हुन्थ्यो । हाउड़ा-बाट चौरंगी, निउ मार्केट, मछ्वा बजार, ढकुरीया लेकबाट हुँदै डलहाउसी । त्यहाँ-बाट खिदिरपूर 'ट्राम लाइन' भेट्न हिँडेका राइटर्स बिल्डिङ, अलिपूर चिड़िया खाना हिँडेका हाउड़ा पूल पुगेको, धरमपूरमा कप्तान-लाई सताएको औ कटिहारमा स्टेशन मास्टर र अरू कर्मचारीहरूलाई दुःख दिएको इत्यादि बाटो काट्ने गफ गर्न थाल्यौं ।

गफको धूनमा हामीलाई पोस्ट आफिस नाघेको पत्तै भएन । क्यापिटलको 'पोष्टर' हेरी समय बिताउन या त मानिसहरूको रंगीचंगी हेर्न हामी रिंकतर्फ लाग्यौं ।

"शर्माजी…नमस्ते" घुइंचोबाट परीचित आवाज आयो । मधुसित कान्ता, शशी र सरिता रहेछन् ।

"वायस्कोप जानु हुन्छ ?" मधुले सोधिन् ।

"विचार छैन" मैले छोटो उत्तर दिएँ ।

"शर्माजी 'भेरी क्लेभर' हुनुहुन्छ ! 'क्यू'-मा बस्नु पर्छ भनेर अर्कै कुरा गर्नुहुन्छ", अवसर नचुकाई कान्ताले थपिन् ।

मैले वाइस्कोप नहेर्ने दृढ़ विचार दर्शाएँ तर कान्ता मानिनन्, थपिन्—"सुट', 'टाइ'-मा 'अप-टु-डेट' भई युवकहरू हिँड्छन 'हिरोइजम' देखाउँदै तर 'पाकेट'-मा 'मनि'-को बदला बरू मुसाको सिङ मिल्ला । बड़ो गजब छ यो जमाना ।"

यसको उत्तर गाला रातो पार्न सिवाय अरू मैले केही पाइनँ । म द्विविधामा परें । कान्ता मेरो स्वीकृति शब्द पाउने अभि-प्रायमा रहिन्, मधु ढिपि गर्न । मैले आफ्नो लिंड़ेढिपि छाड़िन । कान्ताले कुरा बड़ाइन् तर मैले विदा लिएँ ।

हामी दुवै सुरु सुरु 'ओरियन्ट' तर्फ बढ्यौं । हिजोदेखि मेरो र लक्ष्मीको घमासान परेथ्यो । सारा भारतमा लक्ष्मी-पूजा गरी आनन्द मनाउँदै थिए तर त्यही मुहुर्तमा मदेखि उ रिसाएकी, ठुस्केकी, मुरमुरिएकी अनि कोनि के के भएकी थिइन् । त्यस उसले गर्दा मेरो

पाकिटमा एक नयाँ पैसा पनि परेको थिएन। 'क्यान'-को पनि उही हालत रहेछ। दुइ कप चिया उधारो खाएर मोडमा आई हिजोको नम्बर टेनको ठुटो सिगरेट ओठमा च्यापी रमिता हेर्न लाग्यौं।

शशीका सामुन्ने कान्ताका कटुवचन सुन्नु परेकोले मलाई आन्तरिक पीरले थकित गरिरहेथ्यो। शशीलाई भोलि दिदीसँग वाइस्कोप जाने समाचार भन्न पनि स्थगित गरी घर आई आराम लिने विचार गरें। 'क्यान' रमिता हेर्न बसे। म भीड़लाई चिर्दै चिर्दै चौक बजार आइपुगें। 'ट्राफिक पुलिस' फि...फि...पार्दै गाड़ीलाई हात हल्लाई हल्लाई मोड़ बीचमा आफ्नो ताण्डव नृत्य देखाइ रहेथ्यो। मानिसहरू रमिता हेरिरहेथे। म अघि बढ़िरहेथें। शशी देब्रे गल्लीबाट अनायासै निस्किइन्। मलाई असजिलो लाग्यो। अर्कोतर्फ जाने विचार गरें तर सब व्यर्थ। नजीकै आइपुगे पछि भन्न लागिन्—

"तपाईं भोलि जाने पक्का भयो होइन? हिजो आज तपाईंका ग्रह चलेका छन् क्यार। हिजो लक्ष्मीसँग पर्नु, आज कान्ताको वचन सुन्नु औ भोलिको कार्यक्रम बद्लिनु।" एक क्षण मौन रही फेरी भनिन्, "अब तपाईं द्विविधामा नपर्नु होस्। भोलि वाइस्कोप जानु पर्छ।"

"भोलिको टिकट दिदी सुशीलाले 'बुक' गर्न भएकी छन् तिमीलाई सहित्। कृपया एक बजे आउनु पर्छ। नत्र रिसाउनु हुनेछ। म तीन बजे सभापति महोदय भेट्न जान्छु नत्र वहाँ कुंडिनु हुनेछ त्यस्तो मुख्य कार्यमा पनि लापरवाही गर्छ भनेर। यो काम थालेदेखि एकक्षण पनि फुर्सद नभएर कति कुरो तिमीले सघाएको याद हुँदा हुँदै पनि उता नगई वाइस्कोप जाने आग्रह गर्‍यौ। मैले तिमीलाई बुझ्न सकिनँ" मैले भनें।

"हो बुझन सक्नु भएन" शशीले भनिन्, "तर पछि बुझ्नु हुनेछ। तपाईं भोलि जानै पर्छ।"

"त्यसो भए तिम्रो संगत गर्न छाड़े पनि भयो।"

"छाड़दिनोस् केही छैन तर भोलि जानै पर्छ।"

मलाई मन नपरेको कुरामा ढिपि गर्दा मन पर्दैन र शशीलाई चिड़्याउन थालें कारण मैले खुशी पार्न जानेको छैन, चिड़्याउन मात्र।

"तपाईं पाराकाष्ट नहुनु होला," शशीले आफ्नो बिम्बिका फैलाउँदै भनिन्, तपाईंको त्यही बानी नबुझेर तिलोत्तमा, उर्मिला र रोजहरू चिढ़िए तर म तिनीहरू मध्येकी हुँइन। तपाईंलाई एउटा पाठ सिकाउनु परेको छ, त्यो हो अर्कालाई खुशी पारेर आफ्नो कार्य बनाउनु।"

यी सब घटनाले मलाई नतमस्तक बनायो साथै बदला शब्दले घचघच्यायो। एक प्रकार यो पनि ठिकै लाग्यो तर अहम्भावी प्रकृति भएता पनि बदला लिनु, झगड़ा गर्नु याने कलहमा मुछिनु; इच्छा बाहिरका हुनाले त्यो पनि छाड़िदिएँ। यतिकैमा शशीको घर आइपुग्यो। भोलि एघाह्र बजे आउने विचार दर्शाउँदै शशी घरतिर लागिन्। मैले आफ्नो बाटो लिएँ। हली-तिहार पनि हल्लिएरै बित्यो।

साइत अनुसार दिदी भातृ-पूजा गर्दै थिइन्। शशी, कान्ता र मधु आइपुगे। दिदी व्यस्त भएकोले शशी चुल्हामा गइन्, कान्ता चिया बनाउन औ मधुलाई भातृ-

पूजाको महत्व थाहा नभएकोले जान्ने चेष्टा गर्न थालिन्, कारण मधु विदेशबाट प्रथम पटक दार्जीलिङ आएकी हुन् ।

दिदीले दुवै काम सकिन् । कान्ताले चिया ल्याइन्, शशीले सेल रोटी र यसका सहायकहरू । पाँचै जना खान थाल्यौं । मधुले कुरा निकालिन् बाइस्कोप विषय । दिदी पनि यसमा सहमत भइन् यदी शंभू दाज्यू एक बजेको रेलमा नआउने भए । म एकलो भएँ। मधु मानिनन्, शशी नझुलिकने भइन्, कान्ताले आफ्नो प्रभुत्व अनुहारमा फैलाइन् । दिदीले मेरो मर्म बुझेर दशको नोट मेरो हातमा थमाइदिइन् । म स्टेशन-तर्फ लागें ।

किरिंरिंरिं...। बाइस्कोप सकियो । जाड़ोले गर्दा मुखबाट...स...आवाज सिवाय अरू शब्द निस्किएका थिएनन् । मौनव्रत भंग गर्दै कान्ताले भनिन्—"यो पिक्चर उति असल लागेन मलाई त । हिन्दी त किन हो हेर्ने 'विश' नै हुँदैन । इङ्गलिश कति रोमांचक । वर्णन गरेर साध्य छैन ।"

"उति असल त होइन तर मनोरंजनका निम्ति बाइस्कोप बनाइएको हो औ यसमा त मनोरंजनले परिपूर्ण भए जस्तो लाग्छ" दिदीले भनिन् ।

"कान्ताको आदत अंग्रेजी बाइस्कोप हेर्ने परेकोले होला असल नभएको" शशीले भनिन् ।

कान्ताले मौका पाइन् "हिन्दीमा यस्तै अनेक 'इम्पोशिबल' कुराहरू पाइन्छन् । यस-को 'बक्सिंग प्ले' अनरियल । 'इण्डियन प्ले'-मा यस्ता 'अनरियल' धेरै पाइन्छन् र 'वेस्टेज अफ टायम एण्ड मनि' जस्तो मात्र लाग्छ । यस्ता 'पिक्चर' हेरेर हामीलाई 'गेन' छैन ।"

"हो तिम्रो कुरा पनि असत्य नहोला तर मेरो बिचारमा असत्य जँच्यो । तिमी औ अरू कतिजना नवयुवक, युवतीहरूलाई पश्चिमी संस्कृति मन पर्दो हो र उनीहरूकै कार्य मात्र मन पराउँछन्," शशीले भनिन्, "एक्लो हुन खोज्छन् तर अंग्रेजीमा फेल । दुइ वर्ष अघिसम्म आफ्नो नेपाली संस्कृति-मा रहेका, पढ़ेका, बढ़ेका तर अहिले कुमकुम सम्मको 'बफ हेयर, फ्रक, सर्ट टाई,' औ नेपाली भाषा नबुझ्ने हुन्छन् । घरमा उहाँ नेपाली संस्कृति अनुसार आफ्ना बाबु, आमा, भाइ, दाइ, दिदी, बहिनी, छरछिमेकीहरू खन-खाँचोमा कोदोको पिठो र सिस्नाको सागले काम चलाउँदा हुन तर छोरीको हाउ-भाउ, बानी-व्यहोरा, रहन-सहन विचारदा हिमालय काखको पहाड़ी कन्दरामा बढ़ेकी भविष्य माता हुन् भन्ने अनुमान हुँदैन । यस विचारले नेपाली केटाहरू भन्दा केटीहरू बढ़ता नक्कली हुँदा रहेछन् भन्ने लाग्छ । यसको प्रमाण नक्कली केटी बिवाह गरेको साधारण युवकलाई सोधे औ हाम्रा पार्वत्य अञ्चलका कालेजका दिदीहरू र कतिपय धनी परिवारका स्कूले बहिनीहरूमा पाइएला । धनी परिवारले पश्चिमी पारामा नचले धन खर्च गर्न नजान्ने अर्थात् आफ्नो कुलको मर्यादा नरहने भयो । बिहान बेलुका ढिंड़ो रोटो जुटाउन सक्ने परिवारकी छोरीले पश्चिमी रहन-सहन नसिके भविष्य माता हुन नसक्ने भए । नेपाली समाजमा यस्तो कुभावनाले स्थान लियो । कालेज धाउन थाले पनि 'पढ्नु पर्छ' को अर्को 'नक्कल गर्नु पर्छ' भन्ने कुप्रथा चल्यो ।

"कान्ता, अब आफैं विचार गर यसरी पश्चिमी पारामा चले अलिक दिन पछि नेपाली संस्कृतिको स्थानमा पश्चिमी संस्कृति हुनेछ। त्यस पछि विना संस्कृतिको जाति बाँचेको के फायदा ?"

कान्तालाई असह्य भएछ, भनिन् "शर्माजी खुशी हुनु भयो होइन ? हिजो तपाईंलाई हानेको वाण शशीलाई लागेछ, आज बदला...।"

कुरा काटेर मधुले भनिन् "शशी तपाइंको प......।"

कुरा काटेर शशीले भनिन् "पक्ष सक्ष म जान्दिन तर मानिस भएर मानवताको पाठ सिकाउनु पर्छ। भन्न पाएँ भनेर विचार नगरी भन्नु हुन्न।"

"अर्थात् आफूलाई पर्दैन भनेर खुच्चिंग नमच्चाउनु," दिदीले भनिन्, "एक दिन आफैं-लाई पर्नेछ।"

सबै मौन रहे। म चौथो श्रेणीको छात्र जस्तो भएर हिँड्रिरहेको थिएँ।

निबन्ध प्रतियोगिता

'कुमुदिनी होम्स'-को क्रम विकासको कथा

कालिम्पोङको इतिहासमा 'कुमुदिनी होम्स'-को प्रगतिको एउटा भिन्दै कथा छ। १९३४ सालमा टाउन स्कूलको रूपमा स्थापित भई विस्तार विस्तार यसले, कालिम्पोङ भित्र मात्र होइन, शिक्षाको क्षेत्रमा सारा उत्तर बंगालमा जुन गौरव र महत्वपूर्ण स्थान लिएको छ—यसको पछाड़ि एउटा ठूलो निःस्वार्थ उत्सर्ग, अनुपम त्याग, अनवरत संघर्ष अनि अदम्य सहासको कहानी छ। 'कुमुदिनी होम्स' पहिले कुन रूपमा स्थापित भयो ? यसलाई आजको यो सुन्दर रूप दिनको निम्ति कस-कसले, के-कस्तो योगदान दिए ? कुन सालमा, किन यसको आधुनिक नामकरण 'कुमुदिनी-होम्स' गरियो ? यी सबै विषयहरूलाई लिएर 'कुमुदिनी-होम्सको विकाश-क्रमको कथा' शीर्षकमा 'कुमुदिनी परिवार'-ले एउटा निबन्ध प्रतियोगिता आयोजन गरेको छ। यस सम्बन्धमा कुमुदिनी परिवारका सदस्यहरूले अनुसन्धानात्मक लेख लेखी पठाउनु होला। लेख विशुद्ध नेपाली भाषामा, फूलस्केप कागजको एकापट्टि मात्र स्पष्ट बुझिने अक्षरमा १५०० शब्द भित्र लेखिनु पर्छ। जम्मै लेख सम्पादक, 'कुमुदिनी परिबार'-को नाउँमा ता: १५ मार्च १९६३ को अघिबाटै आइपुग्नु पर्छ। सर्वश्रेष्ठ पहिलो दोस्रो र तेस्रो लेखलाई पुरष्कार प्रदान गरिने छ।

—प्रधान सम्पादक

गत स्कूल दिवसको रिपोर्ट

प्रतिवर्ष आउँछ हाम्रो कुमुदिनी होम्सको रमाइलो दिन—स्कूल दिवस २४ मई ! कुमुदिनी होम्समा विद्या अध्ययन गरिरहेका विद्यार्थीहरू अनि त्यहाँका गुरुबा-गुरुमा तथा अन्य स्टाफ-हरूको निम्ति यो दिवसको एउटा विशेष महत्व छ तर कुमुदिनी होम्समा विद्या अध्ययन गरेर अहिले विभिन्न स्थानमा छरिएर उच्च-शिक्षा हासिल गरिरहेका तथा जीवोपार्जनको निम्ति विभिन्न स्थानमा काम गरिरहेका भूतपूर्व छात्रहरूको निम्ति पनि यो एउटा अविस्मरणीय दिवस बनिएको छ—एउटै परिवारका व्यक्तिहरू जसरी चाड़-बाड़मा भेट गर्छन्—त्यसरी नै यो स्कूल दिवसको रमाइलो चाड़मा भूतपूर्व छात्रहरूको भेटघाट हुन्छ, दुःख सुखका कुराहरू हुन्छन्—पूरानाले आफ्ना नयाँ भाइहरूलाई चिन्छन्—नयाँले आफ्ना पूराना दाज्यूहरूको परिचय प्राप्त गर्छन्—यसरी नै यो 'कुमुदिनी होम्स' पनि स्कूल दिवस २४ मई-को दिन आफ्नो विशाल 'कुमुदिनी-परिवार'-लाई देखेर गौरान्वित हुन्छ।

गत स्कूल दिवसको उपलक्षमा भूतपूर्व छात्रहरूले 'कुमुदिनी-परिवार' नामक एउटा वार्षिक पत्रिकाको प्रकाशन प्रारम्भ गरे। पत्रिकाको उद्घाटन कार्य्यकारी प्रधान-अध्यापक श्री खिदमत सुब्बाले गर्नु भएको थियो। पत्रिकाको पहिलो प्रति ग्रहण गरि स्थानीय एस० डी० ओ० श्री डी० सी० मुखर्जी-ले भूतपूर्व छात्रको यस प्रयासको मुग्ध कण्ठले प्रशंसा गर्नु भयो।

त्यस 'स्कूल-दिवस'-मा हाम्रा सभापति तथा कुमुदिनी-होम्सका प्रधान अध्यापक श्री टीकाराम शर्मा आफ्नो बेलायत भ्रमणमा हुनुहुन्थ्यो यसैले उहाँको अनुपस्थितिको खड्को अनुभव सबैले गरिरहेका थिए।

२४ मईको दिउँसो भूतपूर्व छात्रहरूद्वारा आयोजित एउटा साहित्यिक गोष्ठी साहित्य-महारथी श्री पारस मणि प्रधानको सभापतित्व-मा सम्पन्न भएको थियो। यस गोष्ठीमा सर्वश्री भाइचन्द प्रधान, नरजीत सिंह क्षत्रीय, नरबहादुर दाहाल, महानन्द पौड्याल, मन-बहादुर प्रधान, भरत थापा र तिलक देवानले भाग लिएका थिए। साहित्यिक गोष्ठी पछिको चिया-चमेनामा पनि सबैले भाग लिए। त्यही बेलुकी देखाइएको नाटकमा कतिपय हँस्यौली तथा मिश्रित खेलहरूमा भाग लिएर भूतपूर्व छात्रहरूले दर्शकवर्गको मनोरञ्जन गरे।

भोलीपल्ट भूतपूर्व छात्रहरूको वार्षिक प्रीति सम्मेलन र वार्षिक सभा राखिएको थियो। भूतपूर्व छात्रहरूसँग सबै गुरुबा-गुरुमाहरूले रमाईलो गर्दै चिया-चमेनामा भाग लिए अनि भूतपूर्व छात्र संघको सभा श्री महानन्द पौड्यालको सभापतित्वमा प्रारम्भ भयो। मन्त्रीले आफ्नो रिपोट दिए—वार्षिक पत्रिकाको प्रकाशन सम्बन्ध धेरै बहस भयो अनि कोषाध्यक्षले पनि आफ्नो आय-व्ययको फाँटवारी बुझाएपछि आगामी वर्षका निम्ति पदाधिकारीहरूको चुनाव यसप्रकार भयो—

सभापति—श्री टीकाराम शर्मा, प्रधान अध्यापक, कुमुदिनी होम्स
उप-सभापति—श्री महानन्द पौड्याल
मूल-मन्त्री—श्री नरबहादुर दाहाल
सह-मन्त्री—श्री भानु कुमार प्रधान र श्री कृष्णबहादुर प्रधान
मूल कोषाध्यक्ष—श्री भवन सिंग थापा

सह-कोषाध्यक्ष—श्री बालकृष्ण पराजुली र अन्य ११ जना कार्य्यकारी सदस्यहरू । पत्रिका प्रकाशनको निम्ति श्री नरबहादुर दाहाल, प्रधान सम्पादक निर्वाचित हुनु भयो—सम्पादक-मण्डली गठन गरि पत्रिका निकाल्ने अभिभारा उहाँलाई नै दिइयो । भूतपूर्व छात्र संघको विधानको निम्ति श्री टीकाराम शर्मा, श्री नरबहादुर दाहाल र श्री तिलक देवानको एउटा विधान मसौदा कमिटी गठन गरियो। कमिटीले अर्को वार्षिक-सभासम्ममा विधानको मसौदा तयार गर्नु भन्ने निर्णय भयो । यस प्रकारले यो रमाइलो दिवस बित्यो—आगामी वर्ष फेरि भेट्ने कामना लिएर सबै विदा भए।

—आफ्नै सम्बाददाताद्वारा प्रेषित ।

वियोगको एउटा गीत

लेखक—'म'

(? नरबहादुर दाहाल)

तिमीसंगको त्यो क्षणभर मेरो कस्तो मधुमय साथ थियो ।
क्षणिक थियो तर कस्तो स्वर्णिम 'दुइ दिन'-को त्यो प्रभात थियो ।
चन्द्र सितारा हाँसीरहेका स्वप्निल मेरो संसार नयाँ—
झलमल्ल पार्ने यो जीवन सारा पूर्णिमाको रात थियो ।

'मेरो हृदयमा तिमीप्रति पनि यो प्रीतिको अशेष अवदान थियो ।'
भन्दै पथमा प्यार माँगिरहेको कसको भावुक प्राण थियो ?
बिर्सी नसक्नु याद छ तिम्रो लज्जित तिम्रो व्याकुल अधर—
वियोगित स्वरमा गाईरहेको तिम्रै मधुमय गान थियो ।

अघिको त्यो सब स्वर्णिम आशा क्षणभरमा नै कता गयो ?
तिम्रो—मेरो अमर प्रणयको एउटा सानो कथा भयो !
भेट भयो—परीचित भयौं, सम्झना तिमीसंग नित रहोस्
मसंग रहने तर जीवन भर नै कस्तो एउटा व्यथा भयो ।

स्त्री कसरी सृजना गरियो ?

अनुवादक – श्री बालकृष्ण पराजुली
सरकारी कलेज
दार्जीलिङ ।

[यो प्राचीन कथा आज पर्यन्त हामी अक्षराक्षर सत्य प्रमाणित पाउँछौं । स्त्रीको अस्तित्व नभए मनुष्य मरुभूमी झैं हुने थियो औ स्त्रीको साथ पनि मनुष्यले पग पगमा ठोकर अनुभव गर्नु पर्दछ—लेखक]

मनुष्य जीवनको आरम्भ देखिनै देवता तवाश्तरीजीले संसार सृष्टि गर्नु भयो भन्ने जन-श्रुती छ । तर जब उहाँले स्त्री सृजना गर्न थाल्नु भयो उहाँले सारा प्रकृति मनुष्य सृजनामा लगाइएको पाउनु भयो । बाँकि प्रयोग योग्यको साधन कुनै थिएन । तब तवाश्तरीजी समाधिमा लीन हुनु भयो । समाधि शेष भए पछि उहाँले निम्न लिखित रितले स्त्रीको रूप दिन आरम्भ गर्नु भयो ।

उहाँले चन्द्रमाको गोलाइ लिनु भयो, सर्पको वल, बेलका परस्पर गुँथन, घाँसको कम्पन, गुलाबको कोपिलाको नर्तन, अतः फूलको कोमलता, पातको हलकापन, मृगको कटाक्ष दृष्टि, भास्करको किरणको शान औ निश्चल अश्रू वायुको अस्थिरता अतः खरायोको लज्जावट, मयुरको छाया, पक्षीको गलाको कोमलता, हीराको शक्ति, कश्तुरीको सुगन्ध, बाघको निर्दयता, अग्निको गर्मी, वर्फको ठण्डापन, खुशीको चहकता तथा कोयलीको मिठो कुं...हु ।

उहाँले यी सब एकत्रित गरी स्त्रीको सृजना गर्नु भयो औ त्यसलाई उहाँले मनुष्यसित भेट गराइदिनु भयो । आठ दिन पश्चात् त्यो मनुष्य तवास्तरीजी कहाँ आएर भन्न लाग्यो—"हे प्रभु, जो सृष्टि तपाइँले मलाई सुम्पनु भयो त्यसले मेरो जीवनमा विषको प्रहार गरि रहेछ । लगातार बढ़ता नचाहिंदो बोलेर मेरो वहुमूल्य समय व्यर्थमा नष्ट गरि दिन्छ । हर बखत उ खेल ठट्टा गरि रहन्छ औ सदैव अस्वस्थ हुन्छ । कृपा साथ त्यसलाई फिर्ता लिनु होस् ।" तवाश्तरीजीले स्त्री फिर्ता लिनु भयो ।

पुनः आठ दिन पश्चात् त्यो मनुष्य प्रभु कहाँ आएर भन्न लाग्यो, "हे प्रभु ! मैले तपाईंको अपूर्व सृष्टि (स्त्री) फिर्ता गरेको दिनदेखि मेरो जीवनमा शुन्यताले राज गरि-रहेछ । उ मेरो अघि नाच्थी, गाउँथी, मृगको जस्तो कटाक्ष दृष्टि म माथि फेर्थी, मेरो साथ खेलवाड़ गर्थी, मसित टाँसिन आउँथी जो मलाई पूर्ण रूपले थाहा छ औ त्यही मधुर स्मृतिले हर घड़ी सताइ रहन्छ । कृपा गरेर त्यो मलाई फिर्ता दिनु होस् । तवाश्तरीजीले पनि फिर्ता दिनु भयो ।

तीन दिन पनि बितेको थिएन तवाश्तरीजीले त्यो मनुष्य पुनः आइरहेको देख्नु भयो । उसले बाटैबाट भन्यो, "हे प्रभु ! मेरो समझमा आउँदैन म के गरूँ ? तर मलाई यो कटु अनुभव अवश्य भयो कि यो स्त्रीले मलाई सुखको बदली दुःखनै अधिक दिन्छे । कृपया यसबाट मलाई पूर्णरूपले छुटकारा दिनु होस् ।"

तर तवाश्तरीजीले अग्निशर्मा भएर भन्नु भयो, "आफ्नो बाटो लि औ जस्तो

प्रकारले हुन्छ जीवन निर्वाह गर।" त्यो मनुष्यले गडकेर भन्यो, "म यसको साथ कदापि रहन सक्दिन।"

"अनि तँ त्यो बिना पनि कदापि रहन सक्दैनस्" तत्राशतरीजीले उतर दिनु भयो।

अन्त्यमा, त्यो मनुष्य उदास भएर फर्क्यो। त्यो मनुष्य मनमा सोचि रहेथ्यो 'हाय ! म के गरुँ ? म न यसको साथ एक क्षण रहन सक्छु न यो बिना।'

★

कोषाध्यक्षको भन्नु पर्ने

मेरो भन्नु पर्ने कुरो छोटो तर महत्वपूर्ण छ। जुनै पनि संस्था सुचारू रूपले संचालन गर्न मुख्यतः कोषनै बलियो हुन नितान्त आवश्यक छ। एकतानै बल हो भन्ने कथन चरितार्थ भएर नै गत वर्ष हामी हाम्रो कार्यमा सफल भयौं, यसपाला पनि सफल भयौं, औ भविष्यमा पनि यही आशा राख्दछौं।

परिवारका शुभेच्छुहरूलाई धन्यवाद नटक्राएसम्म मेरो भन्नु पर्ने कुरो अधुरो नै रहन्छ। परिवारका सदस्य महानुभावहरू, टाड़ा टाड़ा छरिएर बसेता पनि परिवार प्रति आन्तरिक हृदयदेखि शुभेच्छा प्रकट गर्दै यथा योग्य अर्थ सहयोग गरेकोमा म परिवारको तरफबाट उहाँहरूलाई हार्दिक धन्यवाद टक्राउँछु। परिवारका सदस्य बाहेक अरू सज्जनवर्गलाई 'कुमुदिनी परिवार' भेंट स्वरूप टक्राउँदै यथा योग्य भेटी दिने संग्रह गरी परिवारलाई बलियो टेको दिने प्रयत्न गरेकोमा मेरा प्यारा मित्र-वर्गलाई साथै ती दाता महानुभावहरूलाई हार्दिक धन्यवाद नटक्राई मौन रहन अयोग्य ठान्दछु।

अन्त्यमा, हाम्रा परिवारका सदस्य महानुभावहरू प्रति यही अनुनय विनय गर्दछु; उहाँहरूले कृपा साथ परिवारलाई यथा शक्ति अर्थ सहयोग अहिले देखिनै कोषाध्यक्षको ठेगानामा पठाएर परिवारको कार्यभार हलुका गराइ दिनु होला।

"एक थुकी सुकि, सय थुकी नदी"—

बालकृष्ण पराजुली
सह-कोषाध्यक्ष
कुमुदिनी परिवार

चन्दा-दान पठाउने ठेगाना—

कोषाध्यक्ष,
'कुमुदिनी परिवार'
C/o कुमुदिनी होम्स
कालिम्पोङ।

नेपाली साहित्यका अमर विभूतिहरू

(संग्रहित)

कवि शिरोमणि लेखनाथ

दार्जीलिङ जिल्लाका साहित्यकारहरूको नेतृत्वमा नेपाली साहित्यिकहरूको तर्फबाट कवि शिरोमणि लेखनाथ पौड्याललाई वहाँको दीर्घ साहित्य सेवाको निम्ति 'लेखनाथ अभिनन्दन ग्रन्थ' चढ़ाई सम्मानित गर्ने चर्चा चलिरहेको छ। भानुभक्तीय परम्पराका यी महान साहित्य-सेवीको उमेर ७७ वर्ष पुग्यो। यो दीर्घ अवधिमा उहाँका असंख्य फुटकर कविता, महाकाव्य अनि केही नाटकका पुस्तकहरू प्रकाशित भएका छन्। उहाँलाई नेपाल सरकारले कवि शिरोमणिको उपाधीले सम्मानित गरेको छ। वहाँ नेपाल एकेडमीका सदस्य पनि हुनु हुन्छ।

इतिहास शिरोमणि बाबुराम आचार्य

नेपाल, काठमाण्डौ गौचर हवाई अड्डाको छेउमा एउटा साधारण सानो पर्खालले घेरिएको झिँगटीको घर छ—त्यस घरको बार्दली हामफाल्ला जस्तो देखिन्छ—कोठा र छानु प्रायः भत्किसकेका छन्। बाहिर घाममा गुन्द्रि ओछ्याइएको छ अनि त्यहाँ बसेका छन्—नेपाली इतिहासका विद्वान ७३ वर्षीय, इतिहास शिरोमणि बाबुराम आचार्य। वहाँ नेपाली इतिहासका अग्रगण्य विद्वान हुनुहुन्छ—नेपालको इतिहास सम्बन्ध उहाँले धेरै अनुसन्धान गर्नु भएको छ। वि० सं० १७०० देखि आजसम्मको नेपाली इतिहास उहाँलाई कण्ठै छ। उहाँ दुवै आँखाले देख्नु हुन्न ता पनि आँखा देख्नेको भन्दा बढ़ता उहाँको नेपाली साहित्यको सेवा गर्ने आकांक्षा छ। एक जना लेख्ने मान्छे अघि राखेर उहाँ दिन रात लेखाई रहनु हुन्छ। कसैको अघि नलत्रिने उहाँको स्वभाव छ अनि 'रोटी चिल्ला मीठा कुरा खस्रा मीठा, भन्ने सिद्धान्तका उहाँ अनुयायी हुनु हुन्छ। नेपाल सरकारले उहाँलाई इतिहास शिरोमणिको उपाधीले विभूषित गरेको छ।

सुप्रसिद्ध समालोचक रामकृष्ण शर्मा

सुप्रसिद्ध समालोचक रामकृष्ण शर्मा एडिसनल डिस्ट्रिक्ट जजको रूपमा सुरी. त्रिरभूममा गत अप्रेल १ तारीखदेखि नियुक्त हुनु भएको छ। शर्माजीको उज्जवल प्रतिभाले नेपाली समालोचना साहित्यलाई एउटा नयाँ रूप दिएको छ—उहाँका असंख्य फुटकर रचनाहरूको निम्ति मात्र पत्र-पत्रिका पढ़नेहरू नेपाली साहित्यमा धेरै छन्। उहाँको कृति 'प्यारो सपना र अन्य लेखहरू' नेपाली भाषाको अमूल्य नीधि हो। कसैसँग नझुक्ने प्रतिभा सम्पन्न श्री रामकृष्ण शर्माजीको कलम र जिभ्रो दुवैमा बराबर ताकत छ। स्पष्टवादिता शर्माजीको मुख्य विशेषता हो। उहाँ मदन पुरष्कार समितिका सल्लाहकार हुनु हुन्छ।

एन० सी० सी० वार्षिक क्याम्प १९६१ मा केही अनुभव

—श्री बालकृष्ण पराजुली
सरकारी कलेज
दार्जीलिङ ।

अरे ! के आश्चर्य !! के मेरो आँखाले त धोका दिएको होइन ? चश्मा नलगाएर पो हो कि भनेर ब्यागबाट चश्मा झिकी लगाएर आँखा चिम् चिम् गर्दै हेरें र पनि उही सि...लि . गु...ड़ी जंगसन नै पो देख्छु। कस्तो उद्देक ! हिज बेलुकी ५ बजे सिलिगुड़ी जंगशनबाट रेल हामीहरूलाई लिएर बत्तिएको, रातभर लगातार दौड़ेर बिहान रेलको 'घोलक्याक्क'-ले मस्त निद्राबाट बिउँझेर कुन स्टेशन आइपुग्यो भनेर हेर्दा त उही 'सिलिगुड़ी जंगशन'। स्वप्न सागरमा पो छु कि भनेर यसो आफैंलाई चिमोटी हेरें, स्वप्न पनि त होइन। सोध पुछ गर्दा थाहा भयो कि हामी चड़ेको रेल 'अधिकारी' स्टेशन पुग्दा हाम्रो अघि लागेको मालगाड़ी पल्टेर बाटो बन्द भएकोले दुइ तीन घण्टा 'अधिकारी' मै बसेर हामी चड़ेको रेलले ढाड़ फर्काएको रहेछ। प्रचण्ड ताप र रेलको कोक्रो हल्लाइले मस्त निदाइएछु।

* * *

२ तारीख अक्टोबरमा हाम्रो क्याम्प यात्रा शुरू भयो। शरीरमा जोश, उमङ्ग, स्फूरता लिएर त्यो दिन बिहानै सात बजे ठाटसित हाम्रो ४५ जनाको गफ्फा दार्जीलिङ 'रेल्वे स्टेशन'-मा जम्मा भयौं, अरू ६ जना साथीहरू अरू स्टेशनमा थपिने भए। मालताल गाड़ीमा लादि सकेर पौने आठमा हाम्रो 'दार्जीलिङको सानो रेल'-ले हामीलाई लिएर बिस्तारै छक......छक गर्दै आफ्नो बाटो लाग्यो। स्वभावैले प्यारो 'पर्वतकी रानी' दार्जीलिङसितको बिछोड़मा विस्मातको रेखा हाम्रो मुखारवृन्दमा दौड़न पर्ने तर बदलामा उन्माद भरिएर आयो।

हामी सरकारी कालेजका, हामी सन्त जोसेफ कालेजका भन्ने कुनै प्रकारका भेदभाव नलिई हामी एन० सी० सी० केडेट (N. C. C. Cadets) हौं भन्ने भावना लिएर सुगम यात्राको निम्ति हामी नाच गानमा मस्त थियौं।

पथगामीहरू साना ठूला भेदभाव नराखी सबैलाई साथीहरू 'बस.. है बस'-को सूचना रूमालले दिन्थे। डालीकी पुलिसनी भाउज्यूले हल्लाएको पलङ्ग च्यादर अहिले पनि मेरो नेत्र अघि चलचित्र झैं नाच्न आउँछ। कसैको 'यो नेपाली शीर उचाली', कसैको 'मुड़ मुड़के न देख', 'छलिया मेरा नाम', 'ए कान्छा मलाई सुनको तारा' आदिको तानको साथै 'रक-एण्ड-रोल' नाचले मलाई गत वर्षको स्मृति दिलायो। त्यस्तै प्रकारले उत्तरमा मुस्कुराई रहेकी कञ्चनजंगा पनि हामीले देख्न छाड्यौं, ती पहाड़ी चुचुराहरू, धुपी र सालका रूखहरू, दशैंले रंगिएको दार्जीलिङका सेता पहेंला बिल्डिङ्गहरू, नेपाली बोली, भेष-भूषा एक एक हाम्रो दृष्टि देखि लोप हुन लाग्यो। क्रमशः हामी घूम, सुनादा, टुङ्ग, खरसाङ हुँदै प्रायः २ बजेतिर सिलिगुड़ीको प्रचण्ड तापमा रोमलिन पुग्यौं। फौजी होटलमा खाना भयो। बेलुकी प्रायः पाँच बजे हामी मनिहारी घाटतर्फ लाग्यौं फलतः बाह्र घण्टा पश्चात् बिहान ५ बजे सिलिगुड़ी जंगशन मै आइ पुग्यौं। दिनभर सिलिगुड़ी (माछा

हट्टि) घुम्ने मौका पायौं। बेलुकी फेरि प्रायः साँढ़े चार बजेतिर मनिहारी घाटतर्फ लाग्यौं। कोही गफ गर्दै, कोही नाच गान गर्दै, वरिपरिका आँखाले नभियाउने धान बारी, पुड्का रूखहरू, दूर क्षितिजमा टिलपिल टिलपिल गर्ने बत्तिलाई क्षण भर भए पनि हँसाउँदै हामी बन्दिइ रहेथ्यौं। एवं रीतले हामी बिहान मनिहारी घाट पुग्यौं, मेरो निम्ति यो घाट परिचित नै थियो, अघि अघि झैं कतिपय व्यक्ति गंगा-स्नान गरिरहेका थिए, कति हामीलाई उछिनेर जहाजमा धुइरो लागिरहेथे। हामी पनि हतार हतार जहाजमा चढ़्यौं, चिया चमेना भयो। प्रायः एघार बजे हामी 'सकरीगली घाट' पुग्यौं। त्यहाँ खाना खाइयो र आराम साथ फेरि रेलयात्रा जारी गऱ्यौं त्यस्तै हँस्यौली र खेल ठट्टाको साथ। मधेसबासीहरू हामीलाई देखेर छक्क पर्थे, तिनीहरू के सोच्थे त्यो त मनोवैज्ञानिकले मात्र जान्लान। बेलुकी प्रायः आठ बजे हामी शियालदह स्टेशनमा उऱ्यौं र एक क्षण कलकत्ता महानगरीको दर्शन गरेर चिसो हावा (दार्जीलिङको जस्तो होइन) सेवन गरेर फेरि 'कल्याणी' स्टेशनतर्फ लाग्यौं। दुइ घण्टा पछि त्यहाँ पुगेर कुरिरहेको फौजी ट्रकमा हामी हाम्रो क्याम्प एरिया तिर लाग्यौं। बाह्र बजेको हुँदो हो हामी हाम्रो तम्बुहरू (थोरै दिनको 'महल') चिन्न पुग्यौं। खाना तयार थियो। प्रचण्ड ताप, थकाइ र गरम खानाले हामी भुतुक्क निदाएछौं।

क्याम्पमा विभिन्न ठाउँबाट आएका हामी जस्तै विद्यार्थीहरू जम्मा भएका थिए—संख्यामा हामी प्रायः ५०० थियौं। बंगाली, बिहारी, नेपाली, मुसलमानको केही भेद्भाव नराखी एउटै जहान भएर, एउटै भाँड़ाको भात खाएर हामी हाँस खेल गर्दै क्याम्प जीवनको कटु अनुभव गर्न तत्पर भयौं।

भोलीपल्ट ५ तारीख आफ्नो आफ्नो 'टेन्ट' लिप-घस, सजीसजाव, नुहाइ-धुवाइ मै व्यस्त भयौं, परेड माफ थियो। हाम्रो कदम कदममा तालिमको लक्षण देखिन्थ्यो। बंग-खानासित बानी हुन पहाड़का छोराहरू-लाई कठिन नै भए पनि तालिम मानि लिन कर लाग्यो। परिस्थिति छ केवल सामना गर्नेको निम्ति। त्यसरी नै जस्तै परिस्थितिको सामना गर्न सक्नु नै तालिमको जड़ उद्देश्य हो भन्ने विदित भयो।

६ तारीख देखि हाम्रो क्याम्पको विशेष कार्यक्रम शुरू भयो। बिहान ५ बजे उठेर चंगा भई 'फ्लाप रोलिङ्ग' 'लाइन ड्रेसिङ्ग' चट्ट मिलाएर ६ बजे पी० टी० को निम्ति तयार हुन पर्थ्यो। उमङ्ग र जोश लिएर हामी हाम्रा प्यारा सरहरू, सुबेदार साहब, 'मामा'-हरूसित 'जम्पिङ्ग एक्सरसाइज'-मा तीन फीटसम्म उफ्रन बेर लाउँदैन थियो। पी० टी० बाद चिया चमेनाको मेलो सकेर हामी फेरि 'ड्रिल'-मा जान्थ्यौं, राइफल ड्रिल हुन्थ्यो, 'सावधान', 'विश्राम', 'आरामसे'-को आवाज यति बढ़्ता सुन्थ्यौं कि कुनै शुन्य स्थानमा बस्दा पनि त्यो शब्द प्रतिध्वनित भएर कर्ण कुहरमा ठोकिन आए झैं हुन्थ्यो। ठूलो बरको रूख मुनी क्लास हुँदा मलाई इतिहासमा पढ़ेको नालन्दा विश्वविद्यालयको सम्झना हुन्थ्यो। युद्ध क्षेत्रको तालिम जस्तै Attacking, Defence, Firing, Night Marching, Petroling, Camouflaging, Night observation, Obstacle crossing आदिले हाम्रो घरको याद बिर्साइ दिन्थ्यो। दूर देशमा, फौजमा म कति वर्ष अघि देखि नै छु औ मेरो कर्त्तव्य नै अब देशरक्षा, शत्रूनाश आदि हो भन्ने उँड़्दो भावनाले आफ्नो अस्तित्वसम्मको ज्ञान पनि लोप भए जस्तो मलाई लाग्थ्यो।

मध्याह्नमा 'ड्रिल' सकेर स्नान गरी खाना खान्थ्यौं, खाना खाँदा, आराम गर्दा माइकमा मनोरञ्जक गीतहरू लगाइन्थ्यो। अमिलो, टर्रो, पिरोको स्वाद पाइदैन थियो। आराम पश्चात् ड्रिल अथवा क्लासहरू जारी रहन्थ्यो। बेलुकी, पहेंलो घाम, चिसो बतास बहेको बेला हामी वरपर घुम्न जान्थ्यौं औ दुइ चार वर्षपछि 'कल्याणी' पनि महानगरी हुनेछ भन्ने अन्दाज लाएर फर्कन्थ्यौं। सात बजे रोलकल हुन्थ्यो, आठ-नौ बजे खाना त्यस पश्चात् स्वप्न सागरमा रवाना। खटिएका जवानले 'नाइट गार्ड'-को काम गर्न पर्थ्यो। यस्तै थियो, हाम्रो दैनिक कार्यक्रम।

हामी दार्जीलिङकालाई हाम्रा अति प्यारा कप्तान रोयले गफ्फा गफ्फा बनाएर एक एक दिन कलकत्ता हेर्न जाने मौका दिनु हुन्थ्यो। यो हाम्रो ठूलो सौभाग्यको कुरो थियो।

चिया पिउन जाँदा, खाना खान जाँदा लहर बाँधेर जानु एउटा अनुशासनको ज्वलन्त दृष्टान्त थियो। एक हातमा प्लेट र एक हातमा मग लिएर एकै लहरमा जाँदा हामीलाई अति खुल्थ्यो होला जस्तो मलाई लाग्थ्यो।

एवं रितले १५ तारीख बेलुकी 'क्याम्प फायर'-को दिन आइ पुग्यौं, त्यस समारोहमा हामीले पनि भाग लिएका थियौं, धुमधामले मनाइयो। त्यो दिनको खाना सम्झदा अझ आन्द्रा बटारिएको अनुभव गर्छु। क्याम्पको आखिरी रात हुनाले २ बजेसम्म हामी नाच गान गरेर बस्यौं।

भोलीपल्ट बिहान उठेर पालहरू ढाल्यौं, तम्बुको वरिपरि आफैंले बनाएको डिलहरू तोड्यौं, डल्ला फुटायौं, समम्यायौं सायद यो निर्दयी हुने तालिम होला। तत्पश्चात् खाना खाएर हामीहरूले क्याम्प छाड्यौं। हामीलाई हुनसम्मको विष्मात लाग्यो, मधेसका अरू साथीहरू विष्मयपूर्वक विदामा हात हल्लाइरहेथे। 'आयो गयो माया मोह, आएन गएन को हो को हो' भन्ने उखान मलाई याद आयो। पैदलै मार्च गरेर 'कल्याणी' स्टेशन तक आयौं औ एक क्षण पछि हाम्रो रेलयात्रा शुरू भयो। दुइ घण्टा बाद कलकत्ता पुग्यौं र त्यहाँ चार घण्टा घुम्ने मौका पायौं। आखिर बेलुकी कलकत्ता छाड़ेर आफ्नो घर फिर्यौं। १९ तारीख अक्टोबर हामी फेरि 'पर्वतकी रानी' दार्जीलिङ आइ पुग्यौं; त्यौहारको रम रमीले अवश्य केही परिवर्तन आएछ। मधेसमा Sun-burnt भएको चेहरा जाड़ोले निलो, कालो भयो। मधेसका भ्रमणकारीहरू जाड़ाले कक्रिए झैं हामी पनि सुइ-सुइ गर्दै घरतर्फ लाग्यौं।

'फलइन', 'सावधान', 'विश्राम', 'आरामसे', 'दायाँ मुड़' आदि 'कसनहरू' सुन्न छाड़े पनि प्रतिध्वनिले मेरो कर्णविवर-लाई जिस्काइ रहेथ्यो।

—वाणी—

जे मृत्यु नै हो त्यो, त्यसको भित्र के छ र ?— मुखको भित्र छन् दाँत, दाँतको भित्र के छ र ?

* * * *

कसैले रोक्न सक्तैन परिवर्तन, मृत्यु यो त्यसैले अपरिहार्य छ, हुँदैन मृत्युको मृत्यु, मृत्यु हुन्छ हरेकको, नित्य जीवीत अड़दैन मृत संञ्जीवनी पनि, परिवर्तनको फेरि हुँदैन परिवर्तन।

—बालकृष्ण सम

सम्पादकीय

विद्यार्थी जीवनको स्मृति सबै भन्दा स्मरणीय तथा स्वर्णिम हुन्छ किनभने प्रत्येक व्यक्तिको जीवनको सबै भन्दा अमूल्य समय विद्या अध्ययनको निम्ति उपयोग गरिन्छ। बौद्धिक विकाशको निम्ति एउटा निश्चित परीधि भित्रै बस्नु परेता पनि, कुनै पनि उत्तरदायित्वपूर्ण चिन्ता र कार्य्यभारदेखि मुक्त यो जीवनमा विद्याको कठोर साधना सकिएपछि मनोरञ्जनका सबै बस्तुहरू, खेलकुद, संगीत, नाटकका कार्य्यक्रमहरू, उपलब्ध हुन्छन्। यसैले होला धेरैले भनेका छन्—'विद्यार्थी जीवन स्वर्णिम हुन्छ।' तर यस वाक्यको सत्यता विद्यार्थी अवस्थामा थाह हुँदैन—हामी यस भित्र लुकेको यथार्थता विद्यार्थी-जीवनदेखि अवकाश लिएपछि मात्र थाहा पाउँछौं।

कुमुदिनी होम्सबाट प्रतिवर्ष असंख्य विद्यार्थीहरू विद्या-अध्ययन गरेर निस्कन्छन्—कोही जीवोपार्जनको निम्ति आधार खोज्दछन्, कोही उच्च शिक्षाको निम्ति भारतका विभिन्न कालेज र युनिभर्सिटितिर लाग्दछन्। कुमुदिनी होम्ससँग गाँसिएको तिनीहरूको स्मृति स्कूलसँग विदा लिएपछि विस्तार विस्तार विस्मृतिका गर्भमा विलुप्त हुन्छ। आफू पढ़ेको स्कूलको विकाश क्रमसँग तिनीहरूले अनभिज्ञ रहनु पर्छ—अनि यो विशाल परिवार प्रतिवर्ष कर्त्तव्यको गहन बोझले थिचिएर हराउँदै हराउँदै जान्छ अनि हामी एकै वर्ष, एउटै कक्षामा, एउटै बेञ्चमा सँगसँगै बसेर पढ़ेका साथीलाई पनि बिर्सन्छौं।

आज यसरी चारैतिर छरिंदै गएका असंख्य कुमुदिनी होम्सका भूतपूर्व छात्रहरू भारतका विभिन्न कालेज र युनिभर्सिटिहरूमा विद्या अध्ययन गरिरहेका छन्, कोही जीवोपार्जनको निम्ति विभिन्न डिपार्टमेण्टहरूमा काम गरिहेका छन्। कोही त पल्टनमा भर्ना भएर सुदूर भारतीय सीमाको सुरक्षामा खटिएका छन्। शैक्षिक, सामाजिक, सांस्कृतिक तथा साहित्यिक जुन सुकै विषयमा पनि यसरी विभिन्न स्थानमा छरिएर बसेका भूतपूर्व छात्रहरूको ख्याति र गौरव उत्तरोत्तर बढ़िरहेको छ—एउटा योग्य स्कूलमा विद्या हासिल गरेका विद्यार्थीहरू जुनै ठाउँमा गएर पनि, जुनै क्षेत्रमा पनि योग्य हुन्छन् भन्ने यी कुमुदिनी होम्सका भूतपूर्व छात्रहरूले प्रमाणित गरिराखेकै छन्। यो हाम्रो निम्ति गर्वको विषय हो। कुमुदिनी होम्सलाई नै हेर्‍यौं भने पनि हामी यसलाई अधिको अवस्थामा पाउँदैनौं। दार्जीलिङ जिल्लामा मात्र होइन सारा उत्तर बंगालको शिक्षाको क्षेत्रमा यसको विकाशक्रमको कथा साह्रै आश्चर्य्यजनक र चाखलाग्दो छ।

यसरी नै स्कूलको गौरवमय प्रगति देखेर चारैतिर छरिएर बसेका कुमुदिनी होम्सका भूतपूर्व छात्रहरू गर्व गर्नेछन्, अहिले विद्या अध्ययन गरिरहेका छात्रहरूको ख्याति सुनेर खुशी हुनेछन् अनि चारैतिर छरिएर बसेका हाम्रा प्रतिभाशाली भूतपूर्व छात्रहरूको प्रतिभाले स्कूलको गौरवलाई अझ बढ़ाएर लैजाने छ; साथै अहिलेका कुमुदिनी होम्सका छात्रहरूलाई एउटा आदर्श पथ अनुसरण गर्न प्रेरित गराउने छ। यो क्रम यसरी नै चलिरहने छ र एक दिन यो गौरान्वित इतिहास पल्टाएर लाखौं कण्ठबाट निस्कने छ—हामी हौं कुमुदिनी होम्सका छात्र! कुमुदिनी परिवार!!

आवरणको ब्लक कालिम्पोङ आर्टस एण्ड क्राफ्ट्सको सौजन्यले प्राप्त।

लौ ! सहयोग चाहियो !

विभिन्न स्थानमा छरिएर बसेका कुमुदिनी होम्सका जम्मै भूतपूर्व छात्रहरूलाई एक सूत्रमा आवद्ध गरि एउटा ठूलो परिवार बनाउने हाम्रो ध्येय अझ अधुरो नै छ ! कुमुदिनी होम्सका जम्मै भूतपूर्व छात्रहरूले आफ्नो नाउँ ठेगाना दर्ता गराई हामीलाई यस कार्य्यमा सहयोग दिनु होला ।

—मूल-मन्त्री,
कुमुदिनी परिवार
मार्फत—कुमुदिनी होम्स
कालिम्पोङ ।

कुमुदिनी-परिवारमा रचना पठाउनु होस !

'कुमुदिनी परिवार'-मा रचना पठाइँदा यसका विभिन्न स्तम्भ-पूर्तिप्रति पनि ध्यान दिनु होला । निवन्ध प्रतियोगितामा भाग लिने प्रतियोगीहरूको संख्या पनि धेरै होला भन्ने आशा छ—यी बाहेक कथा, कविता, निवन्ध, आलोचना, यात्रा-वर्णन विविध विषयहरूमा लेखकहरूले कलम चलाउनु होला । रचना विशुद्ध नेपाली भाषामा कागजको एकपट्टि मात्र बुझिने स्पष्ट अक्षरमा लेखिएको हुनु पर्छ—रचना १९६३ सालको अप्रेल महीनाको पहिलो सप्ताह सम्ममा निम्नलिखित ठेगानामा आइरूवनु पर्छ । भूतपूर्व छात्रहरूकै रचनाहरूले मात्र कुमुदिनी परिवारमा स्थान पाउँछ ता पनि तिनीहरूमा नियम अनुसार नआएका रचनाहरू अस्वीकृत गर्ने अधिकार प्रधान-सम्पादकको हुनेछ ।

रचना पठाउने ठेगाना—
प्रधान सम्पादक,
मार्फत—कुमुदिनी होम्स
कालिम्पोङ ।